**मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:**
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ५१ ● २०८२ साल पौष २१ गते सोमबार ● Monday 05, January 2026 ● सूर्योदय: बिहान ०६:५५ बजे ● सूर्यास्त: साँझ ५:२६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## टाटा सुमो दुर्घटनामा ६ जनाको मृत्यु



**मधेशदृष्टि**
**हेटौँडा ।**
हेटौँडा काठमाडौँ वैकल्पिक राजमार्ग अन्तर्गत मकवानपुरको भीमफेदीको जुरीखेतमा भएको टाटा सुमो दुर्घटनामा ६ जनाको मृत्यु भएको छ । आइतबार साँझ भीमफेदी गाउँपालिका–६ जुरीखेतमा दुर्घटनाग्रस्त भएको ना१ज १७७८ नम्बरको टाटा सुमोमा सवार ६ जनाको मृत्यु भएको हो । सडकबाट करिब एकसय मिटर तल खोल्सामा खसेको टाटा सुमोबाट उद्धार गरेर हेटौँडा ल्याइएको थियो । दुर्घटनामा ६ पुरुष, १ महिला, १ बालिका र १ बालक यात्रारत थिए । तीमध्ये ७ जनाको अवस्था गम्भीर रहेकामा ६ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । यो समाचार तयार पार्दासम्म मृतकहरुको नाम खुलेको छैन ।

# मस्जिद तोडफोडमा विरोध प्रदर्शन s

# सद्भाव कायम राख्न अपिल

***मस्जिदजस्तो पवित्र स्थलमा प्रवेश गरी धार्मिक ग्रन्थ जलाउने दोषीलाई सरकारले तत्काल कानूनी दायरामा नल्याए आन्दोलन थप सशक्त बनाउने चेतावनी दिए । हाल वीरगंजका संवेदनशील क्षेत्रहरूमा सुरक्षा व्यवस्था कडा पारिएको र स्थिति सामान्य भइसकेको स्थानीय प्रशासनले जनाएको छ ।***




**मधेशदृष्टि**
**वीरगंज ।**
धनुषामा मस्जिद तोडफोड र पवित्र धर्मग्रन्थ कुरान जलाइएको विरोधमा वीरगंजमा आइतबार भएको प्रदर्शनले उग्र रूप लिएपछि प्रहरीले हवाई फायर र अश्रुग्यास प्रहार गरेको छ । प्रदर्शनकारी र प्रहरीबीच झडप भएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र ५ राउन्ड अश्रुग्यास प्रहार गरेको हो ।
झडपक्रममा एक जना प्रहरी जवान सामान्य घाइते भएका छन् । धनुषाको कमला नगरपालिका– ६ स्थित सखुवा मरानको मुस्लिम बस्तीमा रहेको मस्जिदमा शनिबार अज्ञात समूहले तोडफोड गरी कुरान जलाएको घटना सार्वजनिक भएपछि मुस्लिम समुदाय आक्रोशित बनेको हो । आइतबार बिहानैदेखि वीरगंजका विभिन्न स्थानमा टायर बालेर सडक अवरुद्ध गरिएपछि जनजीवन प्रभावित बनेको थियो ।
छपकैया इदगाह चोकमा प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गामुढा गरेपछि सुरक्षाकर्मीले बल प्रयोग गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रदर्शनमा सहभागी छपकैया मदरसाका मौलाना असगर मदनीले यो घटनालाई नेपालको
परापूर्वकालदेखिको धार्मिक सद्भाव र सहिष्णुता बिथोल्ने नियतले गरिएको जघन्य अपराधको संज्ञा दिएका छन् ।
उनले मस्जिदजस्तो पवित्र स्थलमा प्रवेश गरी धार्मिक ग्रन्थ जलाउने दोषीलाई सरकारले तत्काल कानूनी दायरामा नल्याए आन्दोलन थप सशक्त बनाउने चेतावनी दिए । हाल वीरगंजका संवेदनशील क्षेत्रहरूमा सुरक्षा व्यवस्था कडा पारिएको र स्थिति सामान्य भइसकेको स्थानीय प्रशासनले जनाएको छ । यसैबीच, धनुषा प्रहरीले मस्जिद तोडफोडमा संलग्न अभियुक्तलाई पक्राउ गरी कारबाही गरिसकेको बताए ।

**धार्मिक तथा सामाजिक सद्भाव कायम गर्न अपिल**

जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लामा सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुता कायम गर्न सबैलाई आग्रह गरेको छ ।
प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले आइतबार एक सूचना जारी गरी जिल्लामा शान्तिसुरक्षा तथा अमनचयनका लागि सबैमा अपिल गरेका हुन् । सूचनामा भनिएको छ, 'विभिन्न बहानामा सामाजिक सञ्जालको दुरुपयोग गरी सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुतामा खलल पुर्याउने, धर्मलक्षित टीकाटिप्पणी गर्ने, अमर्यादित व्यवहार प्रदर्शन गर्ने, धार्मिकस्थलमा तोडफोड तथा आगजनी र लुटपाट गर्नेलगायत गैरकानुनी तथा हिंसात्मक र सामाजिक द्वेष फैलाउनेलाई प्रचलित

*बाँकी पृष्ठ २ मा*

# अन्तरिम सरकारले चुनाव गराउँछ जस्तो लाग्दैनः महासेठ

*नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठले वर्तमान अन्तरिम सरकार चुनाव गराउने पक्षमा नरहेको गम्भीर आरोप लगाउँदै फागुन २१ मा चुनाव हुने सम्भावना शून्य रहेको बताएका छन् । उनले सरकार मन्त्री बाँडफाँड, दल खोल्ने र सत्ता स्वार्थमा मात्र व्यस्त रहेकाले चुनावको वातावरण नै नबनेको दाबी गर्दै गैरसंवैधानिक रूपमा विघटित प्रतिनिधिसभा पुनःस्थापना अनिवार्य रहेको र त्यसपछि मात्र संसदभित्रबाट सर्वदलीय सरकार बनाएर चुनाव गराइनुपर्ने स्पष्ट पारेका छन् ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठले वर्तमान अन्तरिम सरकार चुनाव गराउने पक्षमा नरहेको आरोप लगाएका छन् ।
जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गर्दै उपमहासचिव महासेठले वर्तमान अन्तरिम सरकार चुनावको वातावरण बनाउनुको साटो राजनीतिमा व्यस्त भएको आरोप लगाए । 'वर्तमान अन्तरिम सरकारमा रहेका मन्त्री दल खोल्ने, प्रधानमन्त्री, मन्त्री बाँडफाँडमा व्यस्त रहेकाले यो सरकार फागुन २१ गते चुनाव गराउँछ जस्तो लाग्दैन,' उनले भने । सरकार साँच्चिकै चुनावको वातावरण बनाउन चाहन्छ भने दलमा लागेका मन्त्रीहरुलाई प्रधानमन्त्रीले तत्काल बर्खास्त गर्नुपर्ने बताए ।
उनले अहिलेसम्म नेपालमा बनेका अन्तरिम सरकार सफल भएपनि यो अन्तरिम सरकार सफल होला जस्तो नलागेको बताए ।
उपमहासचिव महासेठले गैरसंवैधानिक सरकारले प्रतिनिधिसभा विघटन गरेकाले पुनस्र्थापना हुनुपर्ने बताए । जेन्जी आन्दोलनको नाममा असंवैधानिक रुपमा बनेको सरकारले प्रतिनिधिसभा विघटन गर्नु गैरकानूनी रहेको बताए ।
यद्यपि आफूहरु चुनावविरोधी वा चुनावबाट डराउने शक्ति नरहेको बताए ।
'सर्वोच्चबाट होस् वा कुनै विधि होस् प्रतिनिधिसभा पुनस्र्थापना हुनुपर्छ,' उनले भने, 'प्रतिनिधिसभा पुनस्र्थापनापश्चात संसद भित्रबाटै सर्वदलीय सरकार गठन हुनु पर्छ ।' सोही सर्वदलीय सरकारले चुनाव गराउनुपर्ने पक्षमा आफूहरु रहेको महासेठले बताए । तर यसको अर्थ यो होइन कि हामी चुनावबाट भाग्छौँ ।
यदि सर्वोच्चबाट प्रतिनिधिसभा पुनस्र्थापना नभए हामी चुनावमा जान्छौँ र यसकालागि आन्तरिक रुपमा चुनावको तयारीमा लाग्न कार्यकर्ताहरुलाई महासेठले निर्देशन समेत दिए । अर्को प्रसंगमा महासेठले गणतन्त्रविरोधी शक्ति, कम्युनिष्ट सरकार नरुचाउने तथा नेपाली कांग्रेस एमाले गठबन्धन सरकारको लोकप्रियता नरुचाउने शक्तिहरु जेन्जीको नाममा भदौ २३ र २४ गते विध्वंस मच्चाएको आरोप लगाए ।



## चिसो लहर (Coldwave) का कारण मानिसमा पर्न सक्ने सम्भावित प्रभावहरू



चिसो लहरले विशेष गरी जेष्ठ नागरिक, बालबालिका, गर्भवती महिला, दीर्घरोगी, गरिब तथा खुला स्थानमा बसोबास गर्ने समुदायमा गम्भीर असर पार्ने गर्दछ । यसका प्रमुख प्रभावहरू निम्न छन्:

- श्वासप्रश्वास सम्बन्धी रोगहरू (निमोनिया, दमको समस्या बढ्नु)
- हृदयघात र उच्च रक्तचापको जोखिम बढ्नु
- हाइपोथर्मिया (शरीरको तापक्रम असामान्य रूपमा घट्नु)
- बालबालिकामा झाडापखाला, रुघाखोकी तथा संक्रमणको जोखिम
- वृद्धवृद्धामा मृत्युदर बढ्नु
- स्वास्थ्य सेवा पहुँच कमजोर भएका क्षेत्रमा समयमै उपचार नपाउँदा जटिलता बढ्नु

यसैले चिसो लहरलाई मौसमी असुविधा मात्र नभई सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थाका रूपमा लिनु आवश्यक छ ।

**जिल्ला–प्रदेश तहको भूमिकासहितको समन्वित मन्तव्य**
"आजको यस भर्चुअल बैठकमार्फत चिसो लहरका कारण उत्पन्न स्वास्थ्य जोखिमहरूबारे साझा बुझाइ बनाउने र समन्वित रूपमा अगाडि बढ्ने उद्देश्य राखिएको छ । चिसो लहरले विशेषगरी जोखिम समूहमा गम्भीर असर पारिरहेको सन्दर्भमा हामी सबै तहबाट जिम्मेवार र तत्पर हुन आवश्यक छ ।"

**जिल्ला तहले गर्नुपर्ने कार्यहरू:**
- स्वास्थ्य संस्थाहरूलाई चिसो लहरसम्बन्धी केस व्यवस्थापनका लागि तयारी अवस्थामा राख्ने
- जोखिम समूह पहिचान गरी लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने
- चिसो लहरसम्बन्धी बिरामी, मृत्यु तथा असामान्य घटनाको नियमित रिपोर्टिङ गर्ने
- स्थानीय तहसँग समन्वय गरी न्यानो कपडा, ओढ्ने–बिछ्याउने तथा अस्थायी आश्रयको व्यवस्था गर्न सहजीकरण गर्ने

**प्रदेश तहले गर्नुपर्ने कार्यहरू:**
- जिल्लाबाट प्राप्त अवस्था र मागहरूको विश्लेषण गरी आवश्यक स्रोत व्यवस्थापन गर्ने
- औषधि, आपतकालीन सामग्री तथा प्राविधिक सहयोगको समन्वय गर्ने
- जोखिम जिल्लाहरूमा विशेष निगरानी (surveillance) सुदृढ गर्ने
- संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी नीति, निर्देशन तथा आवश्यक सहयोग सुनिश्चित गर्ने

"यस चिसो लहरको प्रभावलाई न्यूनिकरण गर्न जिल्ला, प्रदेश र संघीय तहबीच प्रभावकारी समन्वय, समयमै सूचना आदान–प्रदान र द्रुत निर्णय अत्यन्त आवश्यक छ । आजको बैठकबाट प्राप्त सुझाव र निर्देशनका आधारमा हामी स्पष्ट कार्ययोजनासहित अगाडि बढ्नेछौं ।"

जनहितमा जारी सन्देश
**स्वास्थ्य निर्देशनालय**
**सपही, मधेश प्रदेश, नेपाल**


# पूर्वराज्यमन्त्री सिंहको मुद्दा 'हेर्न नभ्याइनेमा'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका पूर्वराज्यमन्त्री एवम् निलम्बित प्रदेशसभा सदस्य सरोजकुमार सिंहसहित १६ जनाविरुद्ध दायर गरिएको भ्रष्टाचार मुद्दा विशेष अदालतले 'हेर्न नभ्याइने' सूचीमा राखेको छ ।
विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको संयुक्त इजलासले मुद्दा हेर्न नभ्याइने सूचीमा समावेश गरेको हो । अदालतका अनुसार यसअघि पेसीमा रहेको काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रदीप अधिकारीसम्बन्धी भ्रष्टाचार मुद्दाको सुनुवाइ नसकिएकाले सिंहसहितको मुद्दा सारिएको हो ।
पूर्वराज्यमन्त्री सिंहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ३८ लाख ५० हजार ३ सय १९ रुपैयाँ बिगो मागदाबी गरेको छ । उपभोक्ता समितिको खातामा जम्मा भएको रकम आफ्ना स्वकीय सचिव विनोद कुमार लाल कायस्थमार्फत झिक्न लगाई रकम आफ्नै तथा श्रीमतीको नाममा रहेको संयुक्त खातामा जम्मा गरी हिनामिना गरेको अभियोगमा सिंहसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।
सिंहसँगै रमेश मडर, अमलेश कुमारी, दिपाराज देवी राजपूत, भिखारी राउत कुर्मी, भूपेन्द्र कुमार झा, मञ्जु देवी पासमान, रामनाथ सहनी, स्वीकृति देवी भन्ने स्वीकृति देवी, रामशरण खत्वे, बिभा देवी खत्वे, शम्भु कुमार मण्डल, योगिन्द्र महतो, सुनयना कुमारी, यमुना प्रसाद महतो र कौशिल्या देवीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको थियो ।
अख्तियारले धर्मशाला निर्माण उपभोक्ता समितिका अध्यक्ष यमुना प्रसाद महतो र कोषाध्यक्ष कौशिल्या देवीसँग १ लाख ८५ हजार २ सय ६० रुपैयाँ बिगो मागदाबी गरेको छ ।
त्यस्तै, अर्को उपभोक्ता समितिका अध्यक्ष योगिन्द्र महतो र कोषाध्यक्ष सुनयना कुमारीसँग ६ लाख ५७ हजार ७ सय रुपैयाँ बिगो कायम गरिएको छ ।
यसैगरी, उपभोक्ता समितिका अध्यक्ष रामनाथ सहनी र कोषाध्यक्ष स्वीकृति देवी (स्वीकृति देवी)सँग २ लाख १४ हजार ३ सय ५० रुपैयाँ, माइस्थान मन्दिर सौन्दर्यीकरण उपभोक्ता समितिका अध्यक्ष रामशरण खत्वे र कोषाध्यक्ष बिभा देवी खत्वेसँग १ लाख ५० हजार रुपैयाँ बिगो मागदाबी गरिएको हो ।
रधवा पिपलदेखि सहसौला अनेर भाट हुँदै जनता प्राविसम्म माटो ग्राभेल निर्माण कार्यमा संलग्न उपभोक्ता समितिका अध्यक्ष भूपेन्द्र कुमार झासँग १८ लाख ९१ हजार ९ सय रुपैयाँ तथा कोषाध्यक्ष मञ्जु देवी पासमानसँग २१ लाख ९३ हजार ८ सय १५ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरिएको थियो ।
विशेष अदालतमा दर्ता भएको उक्त मुद्दाको सुनुवाइ अब अर्को पेसीमा हुने बताएको छ ।

# हत्या गरिएका वनपालेको टाउको फेला

**मधेशदृष्टि**
**सर्लाही ।**
ईश्वरपुरमा हत्या गरिएका वनपाले रामईश्वर महतोको टाउको भेटिएको छ । ईश्वरपुर नगरपालिकास्थित सागरनाथ वन परियोजनामा वनपालेका रुपमा कार्यरत महतोको शनिबार घाटी काटेर हत्या भएको थियो ।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार शनिबार महतोको टाउको बिनाको शव भेटिएको थियो । आइतबार दिउँसो मात्रै महतोको टाउको घटनास्थलबाट एक सय मिटरको दूरीमा फेला परेको हो । महतोको हत्याको अनुसन्धानमा दुई वटा कुकुरसहित धनुषाको लालगढबाट प्रहरीको विषेश अनुसन्धान टोलीले पुगेको थियो ।
प्रहरीले हत्याको आशङ्कामा एकजनालाई पक्राउ गरेको जनाएको छ । यद्यपि पक्राउ परेका व्यक्ति सार्वजनिक गरिएको छैन । शनिबार बिहानै वनमा रूख काटेको आवाज सुनेपछि महतो साइकलमा त्यसतर्फ लाग्नुभएको थियो । उन अबेरसम्म घर नफर्किएपछि आफन्तले खोजी शुरु गरेका थिए ।
महतोको हत्यापछि स्थानीय त्रसित बनेको ईश्वरपुर नगरपालिका–२ का वडाध्यक्ष सुरेन्द्रबहादुर कार्कीले बताए । घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नेपाली कम्युनिष्ट पार्टीका संयोजक दाहाल दिल्लीमा

**काठमाडौँ ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) भारतको नयाँ दिल्लीमा आयोजना हुने 'एकता सन्देश सभा तथा साक्षात्कार कार्यक्रम'मा सहभागी हुन आइतबार साँझ भारत पुगेका छन् ।
नेपाली समाज भारतको आयोजनामा सोमबार हुने कार्यक्रममा उनी सहभागी हुने संयोजक दाहालको सचिवालयले जनाएको छ । नेपाली समुदायबीच आपसी सद्भाव, सहकार्य र साझा भविष्यप्रतिको प्रतिबद्धतालाई अझ सुदृढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको नेपाली समाजका महासचिव आरबी खड्काले जानकारी दिए ।
संयोजक दाहालले त्यस कार्यक्रममा नेपाली समुदायका साझा सरोकार, नेपाल–भारत सम्बन्ध, प्रवासी नेपालीका समस्या र अवसरका साथै एकता र सहकार्यबारे समसामयिक सन्देश प्रदान गर्ने सचिवालयले जनाएको छ । दाहाल सोमबार साँझ नेपाल फर्कने कार्यक्रम छ ।

# नेकपाको समानुपातिक सूचीमा सुरेन्द्र कुमार जयसवाल दोस्रो नम्बरमा

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य तथा पूर्व जनमुक्ति सेनाका तत्कालीन बटालियन कमिसार सुरेन्द्र कुमार जयसवाल विपिन नेकपाको समानुपातिकतर्फ मधेशी पुरुष क्लस्टरमा दोस्रो नम्बरमा परेका छन् । उनी वाइसीएल नेपालका संस्थापक केन्द्रीय सदस्यसमेत हुन् भने शहीद परिवार तथा शहिद राम विश्वास–जनारसी प्रतिष्ठानका अध्यक्षको जिम्मेवारी समेत सम्हाल्दै छन् ।



जयसवालको नाम समानुपातिक सूचीको अग्रस्थानमा समावेश हुनु रौतहट, मधेश प्रदेश, मधेशका जनयुद्धका शहीद परिवारहरू तथा सम्पूर्ण नेकपा परिवारका लागि गौरवको विषय बनेको छ । अन्य राजनीतिक दलहरू समानुपातिक सूचीलाई लिएर विवादमा अल्झिरहेका छन्, त्यही बेला नेकपाले त्याग, तपस्या र बलिदानको इतिहास बोकेका नयाँ र प्रतिबद्ध अनुहारलाई उचित स्थान दिनु पार्टीले नयाँ राजनीतिक दिशा समातेको स्पष्ट संकेतका रुपमा हेरिएको छ ।
रौतहटको गरुडा नगरपालिका वडा नम्बर ५, अमरपट्टि लक्ष्मिपुर निवासी जयसवाल जनयुद्धकालदेखि नै पार्टी र जनताको पक्षमा सक्रिय रहँदै आएका नेता हुन् । शहीद परिवारको हक–अधिकार, सामाजिक न्याय र समावेशी राजनीतिक प्रतिनिधित्वका सवालमा उनको योगदानलाई स्थानीयदेखि राष्ट्रिय स्तरसम्म उच्च सम्मानका साथ लिने गरिएको छ ।
स्थानीय बासिन्दा र पार्टी कार्यकर्ताहरूका अनुसार विपिन सरल, निष्ठावान र जनमुखी नेताको रुपमा परिचित छन् । यही कारणले उनको नाम समानुपातिक सूचीको अग्रपंक्तिमा आउनु मधेशमा नेकपाप्रति विश्वास अझ मजबुत हुने अपेक्षा गरिएको छ ।

# स्रोत नखुलेको १० लाखसहित तीन जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले स्रोत नखुलेको १० लाख रुपैयाँसहित तीन जनालाई पक्राउ गरेको छ । पर्सा प्रहरीले जगरनाथपुर गाउँपालिका–३ स्थित गडैयाटोलस्थित सडकखण्डबाट तीन जना व्यक्तिबाट यो परिमाणको रकम बरामद गरेको हो ।
स्रोत नखुलेको रकमसहित पक्राउ पर्नेमा पर्साको सखुवाप्रसौनी गाउँपालिका–४ का २२ वर्षे पवनकुमार साह, सोही ठाउँका ३० वर्षे मुस्ताक अन्सारी र रामपुकार पासवान रहेका छन् । पर्सा प्रहरीका प्रवक्ता राजु कार्कीले स्रोत नखुलेको रकमसहित पक्राउ परेका तीनै जनालाई मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ को (क) बमोजिम (हुन्डीसम्बन्धी कारोबार गर्न नहुने) कसुरमा पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको जानकारी दिए ।

# मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त

**काठमाडौँ ।**
निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि न्याय परिषद्को परामर्शमा यही पुस २५ गतेदेखि लागू हुने गरी आज मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरेको छ ।
आयोगले ७७ जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र ८८ नेपाल न्याय सेवाका राजपत्राङ्कित श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । नियुक्त भएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई आगामी माघ २ गते आफू खटिएको निर्वाचन कार्यालयमा कार्यालय स्थापना र सञ्चालन गर्न पनि जिम्मेवारी दिइएको छ ।
सबै निर्वाचन अधिकृतको सूची आयोगको वेबसाइटमा समावेश गरिएको छ । एक मात्र प्रतिनिधि सभा सदस्य भएका जिल्ला तथा जिल्ला सदरमुकाम भएका निर्वाचन क्षेत्रमा मुख्य निर्वाचन अधिकृतले निर्वाचन गराउनेछन् भने बाँकी निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतले कार्यभार सम्हाल्नेछन् ।

# नेशनल मेडिकल कलेज र प्याब्सन पर्साबीच सहकार्य सम्झौता

**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल तथा प्राइभेट एण्ड बोर्डिङ स्कूल्स अर्गनाइजेसन नेपाल (प्याब्सन), पर्साबीच स्वास्थ्य सेवा सहकार्यसम्बन्धी महत्वपूर्ण सम्झौता भएको छ । सम्झौता नेशनल मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलको केन्द्रीय कार्यालय वीरगंज १५, पर्सामा भएको हो ।
सम्झौताअनुसार प्याब्सन पर्सासँग आबद्ध विद्यालयका बोर्ड सदस्य, कर्मचारी तथा उनीहरूका प्रत्यक्ष आश्रित परिवारजनलाई नेशनल मेडिकल कलेजमार्फत विशेष स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइनेछ ।
सहकार्य अन्तर्गत आकस्मिक तथा आपतकालीन उपचार सेवा, क्यासलेस तेस्रो पक्ष बीमा सेवा, चिकित्सकद्वारा अन–साइट क्लिनिक सञ्चालन, वेलनेस तथा स्वास्थ्य परीक्षण प्याकेज लगायत अस्पतालका विभिन्न सेवामा विशेष सहुलियत प्रदान गरिने व्यवस्था गरिएको छ ।
सम्झौतामा ओपीडी टिकट, जनरल बेड, आईसीयू, एनआईसीयू, पीआईसीयू सेवा, शल्यक्रिया, प्याथोलोजी परीक्षण, भिडियो एक्सरे, एक्सरे, इसिजी, इको, टीएमटी, सिटी स्क्यान, एमआरआई तथा ओपीडी तथा आईपीडी फार्मेसी सेवामा विशेष छुट प्रदान गरिने उल्लेख गरिएको छ ।
सम्झौतामा नेशनल मेडिकल कलेजका तर्फबाट एडमिसन अफेयर्स तथा मार्केटिङ निर्देशक अबिद हुसेन अन्सारी र प्याब्सन पर्साका तर्फबाट अध्यक्ष सरोज प्रसाद चौधरीले हस्ताक्षर गरेका छन् ।
कार्यक्रममा प्याब्सनका तर्फबाट डा. हरिशङ्कर साह राज्य नीति तथा योजना आयोग सदस्य, हासिम अन्सारी गेम कोअर्डिनेटर साउथ जोन स्कूलको उपस्थिति थियो भने नेशनल मेडिकल कलेजका तर्फबाट इञ्जिनियर प्रदीप कुमार चौधरी चीफ इन्फर्मेसन अफिसर, तथा जितेश चन्द्र दास मार्केटिङ म्यानेजर सहभागी थियो ।
दुवै संस्थाबीच भएको यो सहकार्यले शैक्षिक क्षेत्रसँग आबद्ध व्यक्तिलाई गुणस्तरीय, सुलभ तथा प्रभावकारी स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै संस्थागत सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास लिइएको छ ।

# छोरीलाई शिक्षाः बाबुको सपनाका चार राजकुमारीको उन्नयन

**आरके श्रीवास्तव**
**सर्लाही ।**
रामनगर गाउँपालिका–४, बहुअर्वा निवासी रामदेव राय यादव समाजका लागि प्रेरणाको उज्यालो प्रतीक बनेका छन् । औपचारिक रुपमा आफैँले एक अक्षर पनि अध्ययन गर्न नपाएका यादवले छोरालाई मात्र होइन, आफ्ना चारै जना छोरीलाई समान अवसर र गुणस्तरीय शिक्षा दिलाएर समाजमा उदाहरणीय अभिभावकको परिचय स्थापित गरे ।



उनका चारै जना छोरी हाल शिक्षण पेशामा आवद्ध छन्, जसमध्ये तीन जना प्रधानाध्यापकको जिम्मेवारीमा कार्यरत हुनु वास्तवमै गर्वको विषय हो । छोरीहरूलाई सर्लाहीकै श्री सरस्वती माध्यमिक विद्यालय, हजरिया बाट अध्ययन गराई समाज निर्माणको नेतृत्वदायी भूमिकामा पुर्‍याउन सफल हुनु उनको दृढ संकल्प र दूरदर्शिताको प्रतिफल हो ।
जहाँ अझै पनि कतिपय स्थानमा छोरी शिक्षालाई हेय दृष्टिले हेर्ने प्रवृत्ति विद्यमान छ, त्यही समाजमा यादवले 'छोरी शिक्षित भए समाज उज्यालो हुन्छ' भन्ने सन्देशलाई व्यवहारबाट प्रमाणित गरेका छन् ।
उनका छोरीहरूमध्ये श्री प्राथमिक विद्यालय भिमडाबरमा रिंकु यादव प्रधानाध्यापकको रुपमा कार्यरत छन् भने सर्लाहीको भगवतीपुरस्थित प्राथमिक विद्यालयमा किरण यादव प्रधानाध्यापक छन् । त्यसैगरी, श्री आधारभूत विद्यालय कलैयामा पुनम यादव प्रधानाध्यापकको जिम्मेवारी सम्हालिरहेकी छन् भने पिंकी यादव रौतहटको माध्यमिक विद्यालय समनपुरमा शिक्षिकाका रुपमा कार्यरत छन् ।
उनजस्ता अभिभावककै कारण शिक्षा, समानता र सामाजिक रुपान्तरणको यात्रा अघि बढिरहेको नेपाल यादव युवा संघले जनाएको छ । नेपाल यादव युवा संघले यस्ता प्रेरणादायी अभिभावकप्रति हार्दिक सम्मान प्रकट गर्दै उनको योगदानले भावी पुस्तालाई छोरी शिक्षाप्रति सकारात्मक सोच विकास गर्न प्रेरणा मिल्ने विश्वास व्यक्त गरेको छ ।

# बाइस वर्षपछि विद्गुत समिति गठन गर्दै भूमि व्यवस्था मन्त्रालय

**काठमाडौँ ।**
गुठी संस्थान ऐन, २०३३ मा भएको व्यवस्थाअनुसार २२ वर्षपछि विद्गुत समिति गठन हुने भएको छ । गुठी संस्थान ऐन, २०३३ को दफा ७ बमोजिम विद्गुत समिति गठन गरिने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको सेवा प्रवाहमा सुधारसम्बन्धी कार्ययोजनामा उल्लेख छ । विसं २०६० सम्म यस्तो समिति सरकारले गठन गर्ने गरेकामा त्यसपछि बन्द नसकेको गुठी संस्थानका सूचना अधिकारी एवम् कानुन अधिकृत जनक पोखरेलले राससलाई जानकारी दिनुभयो । संस्थानले सञ्चालन गर्नुपर्ने कुनै पनि जात्रा पर्वविशेष कारणवश हुन नसक्ने अवस्था आएमा समितिले राय, सुझाव दिने व्यवस्था गुठी ऐनमा रहेको उनले बताए ।
यसैगरी मन्त्रालयको सेवा प्रवाहसम्बन्धी कार्ययोजनामा गुठी जग्गा सम्बन्धमा २०६२ सालमा भोजराज घिमिरेको संयोजकत्वमा पेस भएको प्रतिवेदन लागू गर्न कार्यदल गठन गरिने उल्लेख छ । गुठी संस्थान, सञ्चालक समितिको तीन सदस्य नियुक्ति गरी सञ्चालक समितिलाई पूर्णता दिइने पनि कार्ययोजनामा उल्लेख छ । मठाधीश, पुजारीलगायतको पारिश्रमिक तोक्नेसम्बन्धी मापदण्ड तर्जुमा गर्ने कार्ययोजना पनि मन्त्रालयले बनाएको छ ।
मठाधीश नियुक्तिसम्बन्धी मापदण्ड संशोधन–परिमार्जन गर्ने, श्रीगणेश र श्रीभैरवको आवासका लागि हनुमानढोकास्थित साबिक नवआदर्श माध्यमिक विद्यालयको भवन रहेको स्थानमा भवन निर्माणका लागि शिक्षा मन्त्रालयसँग जग्गाको भोगाधिकारका लागि समन्वय गरिने कार्ययोजना बनेको मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पर्ने क्षेत्र विकास समिति र गुठी व्यवस्थापन समितिबीच एकद्वार प्रणालीबाट सांस्कृतिक धरोहरको व्यवस्थापन गरिने विषयलाई पनि मन्त्रालयले कार्ययोजनामा राखेको छ । दोहोरो क्षेत्र अधिकारको विषय निराकरण गर्न यसले सहयोग गर्ने विश्वास लिइएको गुठी संस्थानका प्रशासक शैलेशराज कुँवरले बताए । तैनाथी, अधिनस्थ र तैनाथी गुठी जग्गाको लगत प्रमाणीकरण गरी लगत तयार गर्ने र त्यस्ता जग्गाको संरक्षण गर्ने, भूमि, गुठी, सहकारीसम्बन्धी सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्ने मन्त्रालयको कार्ययोजना छ ।

# मस्जिद तोडफोडमा विरोध प्रदर्शन सद्भाव...

कानुनबमोजिम कार्यवाही हुनेछ ।' यसैगरी जिल्लामा क्रियाशील विभिन्न धार्मिक सङ्घ–सङ्गठन, राजनीतिक दल तथा सञ्चारमाध्यमलगायत सरोकार भएकाहरूलाई शान्तिपूर्ण वातावरण बनाउन सहयोगका लागि आग्रहसमेत गरिएको छ । धार्मिक सहिष्णुतामा खलल पुर्‍याउनेलाई कारबाही गरिने नेपाल सरकारले धार्मिक सहिष्णुतामा खलल पुर्‍याउन खोज्ने व्यक्ति वा समूहलाई कानूनी कारबाहीको दायरामा ल्याउने जनाएको छ ।
गृह मन्त्रालयमा आइतबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा स्थानीय प्रशासनले समन्वयात्मक भूमिका खेल्दै स्थितिलाई थप बिग्रन नदिन भूमिका खेल्ने, प्रदेश र स्थानीय सरकारलाई पनि यस्तै समन्वयात्मक भूमिकाका लागि अनुरोध गर्ने निर्णय भएको छ । बैठकमा विभिन्न धार्मिक समुदाय र एकअर्काका धर्मलक्षित सामाजिक सञ्जालमा गलत र भ्रामक टिप्पणी गर्ने, अर्काको धर्ममा खलल पुर्‍याएका घटनाबारे छलफल भएको मन्त्रालयका प्रवक्ता आनन्द कोइरालाले जानकारी दिए ।
यसैगरी धार्मिक गतिविधिबारे विस्तृत छलफल गर्न सोमबार गृह मन्त्रालयमा मानवअधिकार आयोग, अन्य संवैधानिक आयोग र सुरक्षा निकायसहितको बैठक बस्ने निर्णयसमेत भएको उनले जानकारी दिए । प्रवक्ता कोइरालाका अनुसार निर्वाचनको सम्बन्धमा सुरक्षा निकायले गरेका अन्तिम तयारीबारे जानकारी लिने निर्णय भएको थियो । विशेष गरी निर्वाचनको सन्दर्भमा सुरक्षा निकायले हालसम्म गरेका तयारी र मन्त्रालयले गर्नुपर्ने समन्वयबारे पनि छलफल भएको थियो ।
यस्तै, जेन्जी आन्दोलनपछि फरार रहेका कैदी बन्दीलाई पक्राउ गर्ने अभियानलाई तीव्र बनाउँदै सुरक्षा निकायलाई थप क्रियाशील बनाउने विषयमा विस्तृत छलफल गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ ।




## मोटरसाइकल हराएको सूचना

जनकपुरधाम उपमहानगरपालिका वार्ड नम्बर -१९ जमुनिया टोल स्थित गाउँलेको आयोजनामा शुद्धीकरण भोज खान विद्यालय नजदिक पार्किङ गरिएको अवस्थामा मोटरसाइकल हराएको छ ।
***हराउने मोटरसाइकलको विवरण यस प्रकार छः***
**ब्राण्ड/मोडेल: H.M.C SUPER SPLANDER, 2018**
**रङः कालो**
**नम्बर प्लेट: ज १२ प ५०९२**
**इन्जिन: JAO5EGJ9G36816**
**चेचिस नम्बर: MBLJAR036J9G16320**
**हराएको मिति र स्थान:** २०८२पुष १९शनिबार साझ करिब ७:३० बजे जनकपुरधाम उप-महानगरपालिका वार्ड न.-१९ जमुनिया टोल विद्यालय नजदिक पार्किङ गरेको अवस्थामा ।
सम्बन्धित मोटरसाइकल फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा जानकारी गराइदिनुहुन वा तल उल्लेखित सम्पर्क नम्बरमा खबर गरिदिनुहुन अनुरोध गरिन्छ । जानकारी दिनेलाई उचित पुरस्कारको व्यवस्था गरिएको छ ।

# सर्लाहीबाट भारतीय नम्बरको कारसहित ८० किलो भन्दा बढी लागुऔषध गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सर्लाहीको सीमावर्ती क्षेत्रबाट भारतीय नम्बरको कारसहित ८० किलो ९ सय ग्राम लागुऔषध गाँजा सशस्त्र प्रहरीले बरामद गरेको छ । सर्लाहीको बलरा नगरपालिका–३ लक्ष्मीपुर नजिक आइतबार बिहान करिब ३ बजे विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले बीआर ३३ पीए ३७०१ नम्बरको कारलाई रोक्न खोज्दा चालक फरार भएको थियो । प्रहरीले कार खानतलासी गर्दा फल्स बटन बनाएर लुकाइ राखिएको अवस्थामा गाँजा फेला पारेको जनाएको छ । बरामद गाँजा र कारलाई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय मलंगवामा बुझाउने तयारी भइरहेको छ ।
केही स्थानीय स्रोतहरूले सीमा क्षेत्रमा लागुऔषध तस्करी निरन्तर भइरहेको र सुरक्षा निकायसँग मिलेमतो नहुँदा मात्र नियन्त्रण हुने गरेको दाबी गरेका छन् ।

# पर्सा बाट हुण्डी कारोबारमा संलग्न तीन प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले विशेष सूचनाका आधारमा हुण्डी कारोबारमा संलग्न तीन जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले २०८२ पुस १८ गते खटिएको टोलीमार्फत सखुवा–प्रसौनी गाउँपालिका, देवरवाना बस्ने २२ वर्षका पवन कुमार साह, ३० वर्षका मुस्ताक अन्सारी र १९ वर्षका रामपुकार पासवानलाई जगरनाथपुर गाउँपालिका, वडा नम्बर ३, गडैयाटोल सडकखण्डबाट पक्राउ गरेको हो । पक्राउका क्रममा उनीहरूको साथबाट स्रोत नखुलेको रु. १० लाख २ हजार १० रुपैयाँ बरामद गरिएको छ । साथै, ना.१६ प ३०२० नम्बरको मोटरसाइकल पनि प्रहरीले कब्जा गरेको छ । उनीहरूविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ (क) अनुसार, अर्थात् हुण्डी कारोबार निषेध गर्ने कानुन अन्तर्गत मुद्दा दायर गरिएको छ । जिल्ला अदालतबाट सात दिन म्याद थप अनुमति लिई अनुसन्धान भईरहेको जिल्ला प्रहरी पर्साले जनाएको छ ।

# इनर व्हील क्लब अफ वीरगञ्जद्वारा वीरगञ्ज कपडा बैंकलाई न्यानो कपडा सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
जाडो मौसमलाई मध्यनजर गर्दै इनर व्हील क्लब अफ वीरगञ्जले सामाजिक उत्तरदायित्वअन्तर्गत वीरगञ्ज कपडा बैंकलाई न्यानो कपडा सहयोग गरेको छ । क्लबले १५ पोका न्यानो कपडा संकलन गरी कपडा बैंकलाई हस्तान्तरण गरेको हो । कपडा हस्तान्तरण कार्यक्रममा क्लबकी अध्यक्ष मञ्जुरी श्रेष्ठ, सचिव नीलम बेहाउत, उपाध्यक्ष प्रीति गुप्ता र अन्य सदस्यहरूको उपस्थिति रहेको थियो ।

# बाराको कलैयामा युवक माथि चक्कु प्रहार

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कलैयामा एक युवक माथि चक्कु प्रहार भएको छ । कलैया उपमहानगरपालिका वडा नम्बर ४ का पुर्व वडा अध्यक्ष जटाशंकर सहनीका छोरा अन्दाजी १८ वर्षका रबिन कुमार सहनीमाथि अज्ञात समूहले चक्कु प्रहार गरी गम्भीर घाइते बनाएको हो । जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक सुरेशराज भट्टले घटनाको पुष्टि गरेका छन । जटाशंकरका अनुसार कलैया–४ स्थित कलैया गाउँ घर अगाडि सहनीमाथि चक्कु प्रहार भएको हो । उनका अनुसार आक्रमणकारीहरूले शरीरका विभिन्न भागमा चक्कु प्रहार गरी मोटरसाइकल घटनास्थलमै छाडेर फरार भएका छन् । प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको खोजी तथा घटनाको कारणबारे अनुसन्धान सुरु गरेको जनाएको छ ।

# मधेशको कुनै जिल्ला साक्षर नरहेको सुन्दा अचम्म लाग्यो–शिक्षामन्त्री पुन



**जनकपुरधाम ।**
शिक्षामन्त्री महावीर पुनले मधेशमा शैक्षिक अवस्था एकदमै नाजुक रहेको बताएका छन् ।
जनकपुरधाममा आयोजित साक्षर मधेश प्रदेश घोषणा तयारी सम्बन्धी एक दिने गोष्ठीमा बोल्दै शिक्षामन्त्री पुनले मधेशमा शिक्षामा राजनीति तथा गुटबन्दी बढ्दै गईरहेकाले शैक्षिक अवस्था खस्किदै गईरहेको बताए । उनले कुनै समय मधेशकै शिक्षकहरु पहाड हिमाल पुगेर शिक्षाको ज्योती जलाउने गरेको आफूलाई स्मरण रहेको बताए । तर मधेशको ८ वटै जिल्ला अहिलेसम्म साक्षर नभएको सुन्दा आफूलाई अचम्म लागेको बताए ।
उनले भने ‘जीवन अचम्म लाग्ने कुरा मध्ये आफूलाई मधेशको कुनै पनि जिल्ला साक्षर नरहेको सुन्दा पनि अचम्म लाग्यो ।’ डोल्पा मात्रै माथितिर साक्षर घोषणा हुन बाँकी छ, त्यसको तयारी पनि चलिरहेको छ तर मधेशको कुनै जिल्ला साक्षर घोषणा नहुनुमा शिक्षामा गुटबन्दी तथा राजनीतिकरण रहेको बताए ।
शिक्षामन्त्री पुनले मधेशको भूगोल देशको अन्य भू–भागभन्दा समथर रहेपनि यस्तो स्थिति आउनुमा शिक्षामा राजनीतिकरण मुख्य कारण रहेको बताए । उनले शिक्षामा राजनीतिकरण भएसम्म शैक्षिक अवस्थामा सुधार आउन नसक्ने बताए । कार्यक्रममा मधेशका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी सहितको उपस्थिति समेत रहेको थियो ।

# शीतलहरबाट प्रभावित रौतहटका विपन्न दलितलाई कम्बल वितरण



जिल्लास्थित विपत् व्यवस्थापन समितिले शीतलहरबाट प्रभावित विपन्न दलित तथा असहाय घरपरिवारलाई न्यानो कपडा ‘कम्बल’ वितरण गरेको छ । सशस्त्र प्रहरी बल नेपालले आफ्नो २५औँ स्थापना दिवसका अवसरमा आज बौधिमाई नगरपालिका–७ स्थित रामवस्तीका ६९ घरपरिवार र इसनाथ नगरपालिका–४ का ७० घरपरिवारलाई न्यानो कपडा बाँडेको हो ।
रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले शीतलहरका कारण विशेषगरी दलित तथा विपन्न परिवार प्रभावित भएकाले पहिलो चरणमा आज १३९ थान कम्बल वितरण गरेको जानकारी दिए ।
जिल्लास्थित सुरक्षा संयन्त्रमार्फत प्रभावित समुदायलाई कम्बल बाँड्न लागको बताउँदै आवश्यक देखिए थप न्यानो कपडाको प्रबन्ध गर्न समिति तयार रहेको स्पष्ट गरे ।
विपत् व्यवस्थापन समितिले मानवीय सेवाअन्तर्गत बढ्दो चिसोबाट प्रभावित जिल्लाका दलित समुदायलाई राहत वितरणमा सहयोग गर्ने उद्देश्यका साथ प्रदान गरेको ५०० थान कम्बलमध्ये सशस्त्र प्रहरी बल र नेपाली सेनालाई २०० का दरले ४०० थान र नेपाल प्रहरीलाई ६० थान तथा बाँकी ४० जान जगेडामा राखेको जनाएको छ ।
रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको प्रमुख उपस्थितिमा सशस्त्र प्रहरी बल नेपालका प्रमुख एवं गणपति रामहरि अधिकारीले दलित एवं विपन्न परिवारलाई कम्बल बाँडेको बिओपी सरमुजवाका सशस्त्र प्रहरी निरीक्षक पर्शुराम लामिछानेले जानकारी दिए ।
यसैगरी, बिओपी रामपुरखापकीका सशस्त्र प्रहरी निरीक्षक मन्दिरा सुवालका अनुसार दलित तथा विपन्न घरपरिवारलाई लक्षित गरी वितरण गर्न लागिएको ५०० कम्बलमध्ये सशस्त्र प्रहरीलाई प्राप्त २०० थानमध्ये १३९ वटा बाँडेको र बाँकी सोमबार र मङ्गलबारसम्म प्रभावित घरपरिवारसमक्ष पु¥याइनेछ ।
रौतहट सहित मध्य तराई क्षेत्रमा १५ दिनदेखि राम्रोसँग घाम नलाग्दा बढेको चिसोबाट विशेषगरी गरिब, विपन्न तथा असहाय घरपरिवार प्रभावित भएको प्रमुख जिल्ला अधिकारी भुसालले बताए ।
सशस्त्र प्रहरी बलका गणपति अधिकारीका अनुसार राज्यको तर्फबाट कम्बल वितरण सुरु भएपछि दलित तथा विपन्न घर परिवारका पनि विशेष गरी रोगबाट प्रभावित, वृद्धवृद्धा, बच्चाबच्ची र सुत्केरी महिला खुसी देखिएका छन् । रासस

# नेपाल जेसीजको ५२औँ राष्ट्रिय महाधिवेशन भव्यताका साथ सम्पन्न,जनकपुर जेसीज उत्साहित

**जनकपुरधाम ।**
जनकपुरधाममा गत पुष ४ देखि ७ गतेसम्म आयोजित नेपाल जेसीजको ५२औँ राष्ट्रिय महाधिवेशन भव्यताका साथ सफलतापूर्वक सम्पन्न भएको छ । चार दिनसम्म चलेको यस महाधिवेशनले देशभरका जेसीज आवद्ध युवाबाट उच्च प्रशंसा पाएको भन्दै आयोजक जनकपुर जेसीजले पत्रकार सम्मेलनमार्फत आयोजना पूर्ण रुपमा सफल भएको जानकारी दिएको छ ।
शनिबार जनकपुरधामस्थित जेसीज सचिवालयमा आयोजित पत्रकार सम्मेलनमा महाधिवेशनका निर्देशक सुधिर पजियारले सन् १९७६ मा स्थापना भएको जनकपुर जेसीजले आफ्नो ५० वर्षे यात्रामा यस वर्ष पाँचौँ पटक राष्ट्रिय महाधिवेशन आयोजना गर्न सफल भएको उल्लेख गरे । उनले यस सफल आयोजनाले जनकपुर जेसीजको गरिमा थप उकासिएको भन्दै खुसी व्यक्त गरे र कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण पक्षप्रति आभार प्रकट गरे ।
पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार महाधिवेशन आयोजनामा कुल १ करोड ८५ लाख रुपैयाँ खर्च भएको थियो । जसमध्ये १ करोड १० लाख रुपैयाँ दर्ता शुल्कबाट संकलन भएको र बाँकी बक्यौता रकम संकलन भएमा आयोजनामा घाटा नहुने जनकपुर जेसीजका पदाधिकारीहरूले बताएका छन् ।




आयोजनामा मुख्य भूमिका निर्वाह गरेका गौतम कुमार साह, राज कुमार साह, मनोज कुमार साह,दिपक यादव,विनय साह,मनोहर ठाकुर लगायत उपस्थित युवाहरूले आफ्नो सक्रियता र व्यवस्थापन क्षमताको देशभर प्रशंसा भइरहेकोमा गर्व महसुस भएको बताए ।
यसै अवसरमा जनकपुर जेसीज सन् १९७६ का अध्यक्ष तथा सल्लाहकार रमेश प्रसाद साहले जेसीजको स्थापना, उद्देश्य र जनकपुर जेसीजको ऐतिहासिक यात्राबारे प्रकाश पार्दै संस्थाले युवाको नेतृत्व विकासमा खेलेको भूमिकाको चर्चा गरेका थिए ।

# मधेशमा अविवाहितको संख्या ह्वात्तै बढ्यो सामाजिक सन्तुलन बिग्रिने सम्भावना

**जनकपुरधाम ।**
मधेश प्रदेशमा अविवाहित व्यक्तिहरुको जनसंख्या बढ्दै गएको तथ्यांकले सामाजिक संरचनामाथि गहिरो प्रभाव पर्ने चिन्ता बढाएको छ । राष्ट्रिय जनगणना २०६८ र २०७८ को तुलनाले १० वर्षको अवधिमा अविवाहितको संख्या झण्डै १५ प्रतिशतले वृद्धि भएको देखाएको हो । २०६८ सालमा नेपालमा १० वर्षभन्दा माथिको कुल जनसंख्यामध्ये ३५.६ प्रतिशत अविवाहित थिए । त्यतिबेला पुरुष तर्फ अविवाहितको दर ४०.६ प्रतिशत र महिलातर्फ ३१.१ प्रतिशत रहेको थियो । तर राष्ट्रिय जनगणना २०७८ ले विशेषगरी मधेश प्रदेशको अवस्था झनै चिन्ताजनक देखाएको छ ।
जनगणना अनुसार ६१ लाख १४ हजार जनसंख्या रहेको मधेश प्रदेशमा २९ लाख ३९ हजार मानिस अविवाहित छन् । तीमध्ये १६ लाख २८ हजार पुरुष (५५.७५ प्रतिशत) र १३ लाख ११ हजार महिला (४४.२५ प्रतिशत) अविवाहित रहेको तथ्यांकले देखाउँछ ।२०६८ मा देशका १० वर्षमाथिका १०० जनामध्ये ३६ जना अविवाहित थिए भने पुरुषमा अविवाहित रहने प्रवृत्ति महिलाभन्दा करिब १० प्रतिशतले बढी थियो । २०७८ मा आइपुग्दा १०० अविवाहितमध्ये ५६ जना पुरुष र ४४ जना महिला रहेको देखिन्छ । समाजशास्त्रीहरूका अनुसार यसले अविवाहितको संख्या मात्र होइन, पुरुष–महिलाबीचको अन्तर बढ्दै जाँदा गम्भीर लैंगिक असन्तुलन सिर्जना भएको संकेत गर्छ । अध्ययनअनुसार भविष्यमा १०० महिलाको विवाह हुँदा १५ देखि १८ जना पुरुष जोडी नपाएर अविवाहित रहने अवस्था देखिन सक्छ । दाइजो प्रथा, बेरोजगारी, न्यून आय, बदलिँदो सामाजिक अपेक्षा तथा विवाहप्रति बढ्दो अनिच्छा अविवाहितको संख्या बढ्नुका मुख्य कारण मानिएका छन् । यससँगै वैदेशिक रोजगार र जन्मदाको लैंगिक असन्तुलनले पनि विवाह हुन नसक्ने अवस्था सिर्जना गरेको जानकारहरू बताउँछन् ।
समाजशास्त्री प्रा.डा. सुशील यादवका अनुसार मधेशमा लैंगिक विभेद र वैदेशिक रोजगार प्रमुख कारण हुन् । उनले भने, ‘मधेशमा वंश चलाउन छोरा नै चाहिन्छ भन्ने संकीर्ण सोच अझै व्याप्त छ । गर्भमै भ्रुण पहिचान गरी छोरी भएमा हत्या गर्ने प्रवृत्ति पूर्ण रूपमा अन्त्य हुन सकेको छैन । उर्वर उमेर वैदेशिक रोजगारीमै बित्दा विवाह ढिलो हुने र उमेरअनुसारको जोडी नपाउने समस्या बढेको छ ।’
उनले भ्रुण हत्या रोक्न राज्यले कठोर कदम चाल्नुपर्ने र वैदेशिक रोजगार नीतिमा समयानुकूल सुधार आवश्यक रहेको सुझाव दिएका छन् । ‘समयमै सचेत नहुने हो भने बहुविवाह, यौन हिंसा र अन्य सामाजिक विचलनका घटना बढ्न सक्छन्,’ यादवले चेतावनी दिए ।
यो समस्याको जड लैंगिक विभेद नै रहेको कतिपयले बताउँछन् । ‘वंश चलाउन छोरा नै चाहिन्छ र छोराको संख्या धेरै भए परिवार बलियो हुन्छ भन्ने सोच अझै हट्न सकेको छैन,’ उनीहरुको भनाई छ ।
राष्ट्रिय जनगणना २०७८ अनुसार १५ देखि ४९ वर्ष उमेरका विवाहित महिलाले एक वर्षमा जन्माएका जीवित शिशुको जन्मदाको लैंगिक अनुपात राष्ट्रिय रूपमा ११२ रहेको छ । तर मधेश प्रदेशमा यो अनुपात १२२ पुगेको छ । अर्थात् मधेशमा १०० छोरी जन्मिँदा १२२ छोराको जन्म भइरहेको छ ।
सामान्यतया जन्मदाको लैंगिक अनुपात १०५ (प्रति १०० महिलामा १०५ पुरुष) लाई स्वाभाविक मानिन्छ । मधेशमा यसभन्दा निकै ठूलो अन्तर देखिनु गम्भीर चिन्ताको विषय बनेको छ ।
यसैगरी मधेशबाट २५ वर्षमुनिका एक लाख २७ हजारभन्दा बढी पुरुष वैदेशिक रोजगारीमा रहेका छन्, जसमा अधिकांश अविवाहित छन् । लामो समय विदेश बस्दा विवाह ढिलो हुने र सामाजिक सम्बन्ध कमजोर हुँदै जाँदा समस्या झनै जटिल बन्दै गएको जानकारहरू बताउँछन् ।
समाजशास्त्रीहरूका अनुसार अविवाहित पुरुषको संख्या बढ्दै गए सामाजिक असन्तुलन, मानसिक स्वास्थ्य समस्या, सामाजिक विचलन र हिंसाका जोखिम बढ्न सक्छन् । यद्यपि वैदेशिक रोजगारीमा रहेका युवा स्वदेश फर्किएर विवाह गरेमा केही हदसम्म सन्तुलन कायम हुन सक्ने सम्भावना रहेको उनीहरूको भनाइ छ । तर दीर्घकालीन समाधानका लागि लैंगिक विभेद अन्त्य, भ्रुण हत्या रोकथाम, रोजगारी सिर्जना र सामाजिक चेतनामा परिवर्तन अपरिहार्य रहेको विज्ञहरूको निष्कर्ष छ ।

## सम्पादकीय

# रास्वपा, बालेन र कुलमानः
# विकल्पको राजनीति कि व्यक्तित्वको उभार ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपाली राजनीतिमा वैकल्पिक शक्तिको रूपमा उदाएदेखि नै आशा, शंका र बहसको केन्द्रमा रहँदै आएको छ । त्यसमाथि काठमाडौँ महानगरका मेयर बालेन साह र 'उज्यालो नेपाल पार्टी'का कुलमान घिसिङ जस्ता चर्चित र जनप्रिय व्यक्तित्व रास्वपामा मिसिएको परिकल्पनाले राजनीतिक वृत्तमा नयाँ तरंग पैदा गरेको छ । यो केवल दल विस्तारको घटना मात्र होइन, विकल्पको राजनीति सम्भव छ कि छैन ? भन्ने प्रश्नको गहिरो परीक्षण पनि हो । बालेन साह शहरी युवा, स्वतन्त्र सोच र प्रशासनिक कडाइको प्रतीक बनेका छन् । कुलमान घिसिङ व्यवस्थापन क्षमता, इमानदारी र परिणाममुखी नेतृत्वका प्रतीकका रूपमा स्थापित छन् । यी दुई पात्र रास्वपामा मिसिँदा पार्टीको जनअपील, विश्वसनीयता र शासकीय क्षमताको छवि उल्लेख्य रूपमा बढ्नेछ ।

तर यहाँ एउटा संवेदनशील प्रश्न उठ्छ–रास्वपा दल बलियो हुँदैछ कि व्यक्तित्वले पार्टी ओझेलमा पार्दैछन् ?

यदि रास्वपा यी व्यक्तित्वको लोकप्रियतामा मात्रै आश्रित भयो भने, यो दीर्घकालीन राजनीतिक विकल्प होइन, छोटो समयको 'हाइप' मात्र बन्ने जोखिम छ । के रास्वपा अब वास्तविक विकल्प बन्न सक्छ ? सैद्धान्तिक रूपमा सम्भावना बलियो छ । परम्परागत दलप्रति व्यापक वितृष्णा, युवाको राजनीतिक सहभागिताको चाहना, सेवा, सुशासन र नतिजा खोज्ने मतदाता, यी सबै पक्ष रास्वपाको पक्षमा छन् । बालेन र कुलमानको प्रवेशले 'गफ होइन, काम' भन्ने सन्देशलाई बल दिएको छ ।

तर विकल्प बन्नका लागि केवल लोकप्रिय अनुहार होइन, संस्थागत राजनीतिक परिपक्वता चाहिन्छ । व्यक्तित्व होइन, प्रणाली निर्माणः रास्वपाले स्पष्ट सन्देश दिनुपर्छ–पार्टी बालेन वा कुलमानको होइन, नीति, मूल्य र संस्थागत संरचनाको हो । नीतिगत स्पष्टता र वैचारिक धारः भ्रष्टाचारविरोध, सुशासन, सेवा सुधारजस्ता नारा मात्र पर्याप्त छैनन् । आर्थिक मोडेल के हो ? संघीयताको अभ्यास कसरी सुधार्ने ? मधेश, पहाड, आदिवासी–जनजाति, दलितका मुद्दा कहाँ छन् ? यी प्रश्नमा रास्वपा अझै अस्पष्ट छ । आन्तरिक लोकतन्त्र र नेतृत्व व्यवस्थापनः लोकप्रिय नेताहरूबीच भूमिका, अधिकार र निर्णय प्रणाली स्पष्ट भएन भने भोलि टकराव, विभाजन र निराशा जन्मिन सक्छ ।

संसदीय अभ्यास र सडकको सन्तुलनः आन्दोलनकारी शैली र संसदको जिम्मेवारीबीच सन्तुलन नबनाए, रास्वपा 'न त आन्दोलन, न त शासन'को द्विविधामा फस्न सक्छ । केन्द्रित होइन, समावेशी विस्तारः रास्वपा अझै शहरी, मध्यमवर्गीय र सामाजिक सञ्जाल केन्द्रित देखिन्छ । गाउँ, मजदुर, किसान र सीमान्त समुदायसम्म जाँदैन भने विकल्प अधुरो रहन्छ । अवसर ठूलो छ, जोखिम पनि ।

बालेन साह र कुलमान घिसिङको सम्भावित एकताले रास्वपालाई इतिहासकै ठूलो अवसर दिएको छ । तर यही अवसर अहंकार, व्यक्तित्व पूजा र संस्थागत कमजोरीका कारण संकटमा पनि बदलिन सक्छ । नेपाली राजनीतिलाई नयाँ विकल्प चाहिएको छ । तर त्यो विकल्प नाम र अनुहारले होइन, संस्कार र प्रणालीले टिक्छ । के यो पार्टी परिवर्तनको साधन बन्छ, कि परिवर्तनको सपना बेच्ने अर्को अध्याय मात्र ? समयले जवाफ दिनेछ, तर तयारी आजै चाहिन्छ ।

# सन् २०२५ मा एआईः प्रविधिमा अविरल विस्तार

नारायणप्रसाद घिमिरे

एक्काइसौँ शताब्दीको पहिलो २५ वर्ष हामीबाट बिदा भइसकेको छ । विगत वर्षहरूमा झैँ अन्तर्राष्ट्रिय राजनीति, द्वन्द्व र जलवायु परिवर्तनसँगै सन् २०२५ मा पनि सूचना प्रविधि चर्चाको शिखरमा रह्यो । विशेषगरी कृत्रिम बौद्धिकता (एआई) मा थपिएका नयाँ आयाम, यसको असर र यसबारे गरिएका भविष्यवाणी रोचक रहे ।

एआईले मानव जीवनलाई अत्यधिक सहजतासँगै नयाँ चुनौती थपिदिएको कुरा छर्लङ्गै छ । सन् २०२५ को शुरुमै च्याटजिपिटिलाई टक्कर दिँदै डिपसिकले विश्वको ध्यान खिच्यो । यस क्षेत्रमा जारी अध्ययन, अनुसन्धान र लगानीले एजेन्टिक एआईको उदय भयो । यसको अर्थ एआईमा अब स्वतन्त्ररुपमा अर्थात् कमभन्दा कम मानव निगरानीमा काम गर्नसक्ने (निर्णय लिने) क्षमता विकास भयो ।

एआईको विकास र शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, लगानी, राजनीति, पत्रकारिता, जलवायुलगायत विभिन्न विषयमा यसले सिर्जना गर्ने अवसर र असरबारे दर्जनौँ क्षेत्रीय तथा सयौँ अन्तर्राष्ट्रिय कार्यक्रमहरू आयोजना भए । सन् २०२५ मा भएका यस्ता कतिपय कार्यक्रममा नेपाल सरकार तथा गैरसरकारी निकायको समेत सहभागिता रह्यो ।

### विश्वसनीयतामाथि प्रश्न

कन्टेन्ट जेनेरेसन (समाचार, प्रतिवेदन, फोटो, भिडियोको उत्पादन) का लागि एआईको प्रयोग तीव्र बढ्दै जाँदा यसले तयार गर्ने विषयवस्तुको निष्पक्षता, समावेशीता र विश्वसनीयतामा भने प्रश्न उठिरहेका छन् । एआई क्षेत्रका लगानीकर्ता र व्यवस्थापकहरूले इन्जिनियर र वैज्ञानिकले मात्रै एआईलाई निष्पक्ष र विश्वसनीय बनाउन नसक्ने तर्क गर्छन् । नीति, व्यवस्था र सामाजिक न्यायका प्रावधानहरूको जानकार भएपछि मात्रै एआईले सर्वपक्षीय आकांक्षालाई सही सम्बोधन गर्नसक्नेमा उनीहरूको जोड छ ।

एआईमा हुने जातीय पक्षपातविरुद्ध काम गर्ने एक अन्तर्राष्ट्रिय संस्था 'एआई फर द पिपुल'की प्रमुख कार्यकारी अधिकृत मुटाली कोन्डेका भनाइमा एआई उत्पादित विषयवस्तु प्राविधिक चुनौती जत्तिकै सामाजिक चुनौती पनि हो । 'एआई फर गुड' नामक विश्व सम्मेलनमा बोल्दै उहाँले भन्नुभयो, 'डिजिटल प्लेटफर्मलाई मात्रै पूर्णरूपमा उत्तरदायी बनाउनुहुँदैन । टिकटकजस्ता कम्पनीबाट 'समाजको नियन्त्रण–मूल्याङ्कन गर्ने' अपेक्षा गर्नु अव्यावहारिक हुन्छ । त्यसैले सरकार र ठूला निकायले यस्ता कम्पनीलाई कम्तीमा पनि उत्तरदायित्वको आधारभूत खाका प्रदान गर्नुपर्छ ।'

स्पष्ट छ, अघिल्ला प्रविधिहरूको विकास र विस्तार जस्तै एआईमा पनि औद्योगिक र विकसित राष्ट्रहरूकै बोलवाला छ । विश्वभरका वैज्ञानिकहरू जम्मा गरी तीक्ष्ण दिमागको सदुपयोग गर्न सक्ने क्षमता भएका राष्ट्र नै यसको भाष्य र भविष्य निर्धारण गरिरहेका छन् । एआईसम्बन्धी अनेक छरिएर प्रयास जारी भए पनि यसको खरो प्रतिस्पर्धामा भने अमेरिका र चीन नै अग्रपङ्क्तिमा छन् ।

एआईको पूर्ण प्राविधिक पक्षमा केही व्यक्ति तथा संस्थाको संलग्नता र चासो भए पनि यसको विकास र प्रभावबारे चासो राख्ने जनसङ्ख्या ह्वात्तै बढेको छ । तर सही सूचनाको खोजी र ज्ञान निर्माण भने आवश्यक छ । इन्टरनेटमा त सहजै फेला पर्ने न्यून गुणस्तरका सामग्री देखि विश्वस्तरीय अनुसन्धान निकाय, विश्वविद्यालय र राष्ट्रसङ्घले तयार गरेका अध्ययन प्रतिवेदन पनि उपलब्ध हुन्छन्, तर विश्वसनीयता र आफ्नो रुचि अनुरूपको विषय वस्तुको खोजी र पहिचानका लागि पनि न्यूनतम सचेतना आवश्यक पर्छ ।

### प्रक्षेपण र प्रतिस्पर्धा

एक प्रक्षेपणमा भनिएको छ, सन् २०३८ सम्ममा उत्तरदायी र मानवकेन्द्रीत एआईको उपभोक्ता बजार १२ खर्ब (१.२ ट्रिलियन) अमेरिकी डलर हुनेछ । त्यसैगरी, विश्व आर्थिक मञ्चले सन् २०२५ को पहिलो महिनामै सार्वजनिक गरेको 'विश्व जोखिम प्रतिवेदन'मा एआईले भ्रामक विषवस्तुको अत्यधिक सिर्जना र विस्तार भई समाज नै ध्रुवीकृत हुने प्रक्षेपण गरिएको थियो ।

एआईमा पनि हरेक हप्ता वा महिना जस्तो विविध आयाम थपिइरहेका छन् । विश्वका शक्तिशाली र विकासशील राष्ट्रहरूले प्रविधिलाई प्राथमिकतामा राखी राष्ट्रिय शक्ति निर्माण र विश्व सामथ्र्य प्रदर्शनमा एआईलाई जोडी विभिन्न कार्यक्रमहरूमा लगानी वृद्धि गरिरहेका छन् । यसले प्रतिस्पर्धात्मक वातावरण निर्माण गरेको छ ।

सन् २०२५ को सुरुमै चिनीयाँ कम्पनी डिपसिकले निर्माण गरी बजारमा ल्याएको एआईले विश्वभर तहल्का पिट्यो । गुगल र ओपनएआईले निर्माण गरेको एआईभन्दा सस्तो र सहज प्राविधिक उत्पादनले विश्वकै ध्यानाकर्षण गर्यो । स्मरणीय छ कि डिपसिक–आर१ को निर्माण अमेरिकी प्रविधि कम्पनीले भन्दा कम समय, कम प्रविधि र थोरै कम्प्युटर चिप्समै सम्भव भएको थियो । यसको निर्माण समूहले ६० लाख अमेरिकी डलरभन्दा कममा यो मोडल तयार गरेको थियो जबकि च्याटजिपिटी तयार गर्न निक्कै बढी समय र खर्च लागेको थियो ।

### एआई र रोजगार

प्रविधिको विकास तथा विस्तारले नयाँ कामको सिर्जना त हुन्छ नै । यससँगै कतिपय पुराना काम र सीपको विस्थापन पनि । एआईले विश्व श्रमबजारमा ल्याउने हलचल पेचिलो विषय हो । विभिन्न अध्ययन प्रतिवेदन तथा अनुसन्धाताहरूले मानिसका अनेक श्रम र सीपलाई एआई र अटोमेसनले खोस्ने प्रक्षेपण गरिरहेका छन् । एआई प्रयोग गरी ठूला कम्पनीहरूमा तीव्र प्राविधिक रूपान्तरण भएका छन् । फलस्वरूप हजारौँ मानिसले रोजगारी गुमाए । सिएनबिसीले तयार पारेको समाचारअनुसार, एआईका कारण सन् २०२५ मा अमेरिकामा मात्रै विभिन्न प्राविधिक कम्पनीहरूले ५५ हजारभन्दा बढी कामदारलाई जागिरबाट बिदा गरे ।

सिएनबिसीमा डिसेम्बर २१, २०२५ मा सदा भैमियाले म्यासाच्युसेट इन्स्टिच्युट अफ टेक्नोलोजीले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनलाई आधार मान्दै लेख्नुभएको छ, "एआईले अमेरिकी श्रमबजारको ११.७ प्रतिशत काम सहजै गर्नसक्छ, जसबाट फाइनान्स, स्वास्थ्यसेवा र अन्य व्यवसायिक कामवापत् तलबमा हुने १२ खर्ब डलर खर्च जोखिन्छ ।"

प्रविधिको प्रकृति नै हो यो क्रमशः सस्तो र विश्वप्यापी हुँदै जान्छ । अहिले अमेरिकामा देखिएको मानवस्रोत कटौतीको प्रवृत्ति अन्य देशहरूमा फैलिने निश्चित छ ।

### विशेष सम्मेलन

सन् २०२५ को फेब्रुअरी महिनामा फ्रान्सको राजधानी पेरिसमा आयोजना भएको एआई सम्मेलनलाई प्रविधि क्षेत्रको एक महत्त्वपूर्ण कार्यक्रमका रूपमा लिइन्छ । उक्त पेरिस एआई शिखर सम्मेलनले एक घोषणापत्र–सम्झौता पनि जारी गर्यो । तर घोषणपत्रमा बेलायती र अमेरिकी सरकारले हस्ताक्षर गर्न अस्वीकार गरे । 'मानव र पृथ्वीका लागि समावेशी र दिगो कृत्रिम बौद्धिकता (एआई)' नाम दिइएको सो घोषणापत्रमा चीन, भारत, जापान, अस्ट्रेलिया, क्यानाडा र युरोपेली सङ्घ (इयु) का सदस्यहरू सहित ६० देशले हस्ताक्षर गरे । यस किसिमको सम्मेलन अघिल्लो वर्ष दक्षिण कोरियामा र सन् २०२३ मा बेलायतमा भएको थियो ।

बेलायत र अमेरिकाद्वारा भएको हस्ताक्षर अस्वीकारलाई अर्थपूर्णरूपमा विश्लेषण गरिए । प्रविधिको विकास, विस्तार र नियमनमा विश्वका धनी र औद्योगिक राष्ट्रहरू एकै मञ्चमा उपस्थित भई साझा धारणा बनाउने छन् भन्ने आशा धुमिल भयो । यो कुराबाट के पनि अनुमान गर्न सकिन्छ भने एआईसम्बन्धी विश्व सहकार्य र संयोजनभन्दा पनि शक्ति राष्ट्रहरूबीच सघन प्रतिस्पर्धा नै जारी रहनेछ ।

शिखर सम्मेलनबारे गार्डियन पत्रिकामा ड्यान मिल्मो र एलेइनी कुरियाले गरेको रिपोर्टिङअनुसार बेलायती सरकारका प्रवक्ताले उक्त घोषणापत्र एआईको वैश्विक व्यवस्थापन र राष्ट्रिय सुरक्षामा प्रविधिको असरजस्ता चुनौती सम्बोधन गर्न अपूरो रहेको टिप्पणी गरेका थिए ।

'अमेरिकाका उपराष्ट्रपति जेडी भान्सले एआईसम्बन्धी पेरिस सम्झौतामा हस्ताक्षर नगर्नुको कारण खुलाउनुभयो– उहाँलाई युरोपको प्रविधिमाथि 'अत्यधिक नियमन' मन परेन । साथै, उहाँले यस विषयमा युरोपलाई चीनसँगको सहकार्यविरुद्ध चेतावनी दिनुभयो", गार्डियनमा मिल्मो र कुरियाको रिपोर्टिङ छ ।

यस विषयले पनि स्पष्ट पार्छ कि एआई र यसको व्यवस्थापनबारे विश्वमा फरक धारणा र विधि छन् । यद्यपि सम्मेलनका थुप्रै सकारात्मक पक्ष थिए । यो सम्मेलनले अघिल्ला सम्मेलनमा देखिएका अस्पष्टता हटाएको र एआई सुरक्षा र उन्नयनमा जोड दिएको थियो । कतिपय विज्ञले यो सम्झौताले एआई सार्वभौमिकतामा जोड दिएकाले सकारात्मक भएको तर्क गरे ।

यसैगरी सन् २०२५ को अर्को महत्त्वपूर्ण सम्मेलन हो अन्तर्राष्ट्रिय दूरसञ्चार संस्था (आइटियु) ले आयोजना गरेको 'एआई फर गुड विश्व सम्मेलन' । जुलाई महिनामा भएको उक्त सम्मेलनमा १६९ देशका ११ हजारभन्दा बढी मानिस सहभागी भएका थिए ।

### अध्ययन, अनुसन्धान

एआईको जारी विकास, प्रयोग र यसले स्वास्थ्य, राजनीति, मिडिया, शिक्षा, अर्थतन्त्र, कूटनीति, समाज र संस्कृतिलगायत अनेकौँ क्षेत्रमा पार्ने प्रभावलाई केन्द्रमा राखी विभिन्न अन्तर्राष्ट्रिय निकाय, अनुसन्धान केन्द्र र सरकारहरूले हजारौँ प्रतिवेदन र दस्तावेज तयार गरे । यी अध्ययन र प्रक्षेपणले यस विषयमाथि गहन विचार निर्माणमा सहयोग पुग्छ ।

यसै सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय निकाय अन्तर्राष्ट्रिय दूरसञ्चार संस्था (आइटियु) ले एआई नियमन र व्यवस्थापन सम्बन्धी तयार गरेको प्रतिवेदनमा एआई गभर्नेन्सका १० संयन्त्रमा— १) सिद्धान्त र अभ्यास, २) बहुपक्षीय पहल, ३) विश्वसनीयताका लागि पारदर्शिता, ४) समावेशीताको सुनिश्चितता, ५) सीमित होइन सबैको क्षमता विकास, ६) वातावरणीय दिगोपन र एआई पूर्वाधार, ७) विषयगत जोड र बृहत् सहकार्य, ८) मापदण्ड र सुरक्षा विधि, ९) मूल्याङ्कन तथा तर्क क्षमताको नियमन र प्रारूप, र १०) नीतिगत अन्तरसञ्चालन र चुस्त नियमन उल्लेख गरेको छ ।

एआईप्रति बढ्दो चासो, अध्ययन, लगानी र अवलम्बनलाई थप व्यवस्थित र सुसूचित बनाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले डिसेम्बर १५ देखि एआई स्रोत केन्द्र सञ्चालनमा ल्याएको छ । डिजिटल रूपान्तरणसँगै ज्ञानमा आधारित एआईको विस्तारका लागि यस स्रोत केन्द्रका सामग्री उपलब्ध छन् । यहाँ राष्ट्रसङ्घीय निकायले जारी राखेका एआईसम्बन्धी ७०० भन्दाबढी कार्यक्रमहरूको एकत्रित जानकारी पाइन्छ । सन् २०२४ मा जारी भएको ग्लोबल डिजिटल कम्प्याक्टको कार्यान्वयनका लागि पनि यो स्रोत केन्द्र सहयोगी हुने विश्वास गरिएको छ । रासस

# सन् २०२५ मा विश्वव्यापी अन्तरिक्ष प्रतिस्पर्धा र अनुसन्धान

दिलीप अधिकारी

सन् २०२५ लाई अन्तरिक्ष अन्वेषण र ग्रह अनुसन्धानको इतिहासमा एक अद्वितीय वर्षका रूपमा सम्झिन सकिन्छ । यस वर्ष विश्वभरका मुलुकहरूले अन्तरिक्षका क्षेत्रमा तीव्र प्रतिस्पर्धा देखाए, जसले वैज्ञानिक प्रगतिलाई अघि बढाउनुका साथै भविष्यका अन्तरिक्ष यात्राका योजना र रणनीतिमा पनि नयाँ दिशा तय गर्यो । संयुक्त राज्य अमेरिका, चीन, युरोपेली सङ्घ (इयु), रूस, भारत, जापान जस्ता राष्ट्रहरूले आ–आफ्नो प्राथमिकता र उद्देश्यअनुसार अनुसन्धान र अन्वेषणलाई अगाडि बढाए ।

अमेरिकाले सन् २०२५ मा अन्तरिक्ष अन्वेषणको क्षेत्रमा विशेष सक्रियता देखायो । अमेरिकी अन्तरिक्ष एजेन्सीले चन्द्रमामा आफ्नो नयाँ आधार स्थापनाको तयारी तीव्र बनायो । यसका लागि चन्द्रमाको दक्षिण ध्रुव क्षेत्रलाई विशेष अनुसन्धानको केन्द्र बनाइयो, किनभने त्यहाँको तापक्रम र भौगोलिक अवस्था मानव अन्वेषणका लागि अनुकूल हुने आशा गरिएको थियो । अमेरिकाले रोबोटिक मिसनहरूको माध्यमबाट चन्द्रमामा पानीका स्रोत र खनिजहरूको खोजीमा विशेष ध्यान केन्द्रित गर्यो । यी प्रयासले चन्द्रमामा दीर्घकालीन मानव बसोबासका लागि आधार तयार गर्ने कार्यलाई बलियो बनाएको छ ।

चीनले पनि आफ्नो महत्त्वाकांक्षी अन्तरिक्ष कार्यक्रमलाई तीव्र गतिमा अघि बढायो । सन् २०२५ मा चीनले पहिलो पटक मानवयुक्त अन्तरिक्ष यान मङ्गल ग्रहमा पठाउने तयारीको कदम चाल्यो । यसका लागि तिनीहरूले मङ्गल ग्रहमा जीवनका सम्भावित सङ्केत खोज्ने रोबोटिक मिशनहरू सफलतापूर्वक सञ्चालन गरिसकेका थिए । यसबाहेक, चन्द्रमामा आफ्नो स्वदेशी अन्तरिक्ष स्टेशन विस्तार गर्ने चीनको योजना पनि तीव्र गतिमा अघि बढ्यो । चीनले यस वर्ष ९२ वटा अन्तरिक्ष मिशन सफलतापूर्वक सञ्चालन गर्यो, जसमा लुनार हार्डवेयर परीक्षण, पुनः प्रयोगयोग्य रकेटको परीक्षण र अन्तरिक्षमा आपतकालीन उद्धार अभ्यासहरू समावेश थिए । यसले चीनलाई कक्षीय प्रक्षेपण र गहिरो अन्तरिक्ष अन्वेषण दुवैमा अग्रसर राष्ट्रका रूपमा स्थापित गर्यो ।

इयुले अन्तरिक्ष विज्ञान र प्रौद्योगिकीमा सहयोगी परियोजनामा जोड दियो । यस वर्ष इयुले मङ्गल ग्रहको वायुमण्डल र भूगर्भीय अध्ययनमा नयाँ मिसनहरू सञ्चालन गर्यो, जसले ग्रहको इतिहास र वर्तमान अवस्था बुझ्न महत्त्वपूर्ण योगदान पुर्यायो । त्यस्तै, साना उपग्रहहरूको प्रयोगमार्फत खगोल विज्ञानलाई थप व्यापक बनाइयो, जसले अनुसन्धानकर्ताहरूलाई ग्रह र उपग्रहहरूको अवस्थाबारे थप डेटा सङ्कलन गर्न सहयोग पुर्यायो ।

रूसले आफ्नो अन्तरिक्ष स्टेशनलाई आधुनिक बनाउँदै अन्तर्राष्ट्रिय सहयोगलाई बलियो बनायो । यस वर्ष रूसी अनुसन्धानकर्ता र चालक दलले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) मा विभिन्न प्रयोगशालागत अनुसन्धानहरू सम्पन्न गरे, जसले भविष्यका मानवयुक्त चन्द्र र मङ्गल मिशनहरूको मार्गनिर्देशन गर्न मद्दत गर्यो ।

भारतले पनि अन्तरिक्ष प्रविधिमा आत्मनिर्भरता बढाउने उद्देश्यसहित चन्द्रमामा नयाँ रोबोटिक मिशनहरू सञ्चालन गर्यो । यी मिशनहरूले चन्द्रमाको सतह र सम्भावित खनिज स्रोतको विस्तृत अध्ययन गर्न योगदान पुर्याए । जापानले अन्तरिक्षमा जैविक र भौतिक विज्ञानका अनुसन्धानहरूमा विशेष ध्यान दियो, जसले दीर्घकालीन अन्तरिक्ष यात्रालाई सुरक्षित र प्रभावकारी बनाउन महत्त्वपूर्ण डेटा प्रदान गर्यो ।

सन् २०२५ मा अन्तरिक्ष अन्वेषणका लागि नयाँ प्रविधिहरूको विकास पनि उल्लेखनीय रह्यो । ऊर्जा स्रोतका नयाँ प्रविधिहरू र 'न्युक्लियर थर्मल प्रोपल्सन' जस्ता प्रविधिले अन्तरिक्ष यात्राको समय घटाउने सम्भावना देखायो । यी प्रविधिले लामो दूरीका मिशनहरूलाई व्यावहारिक बनाउने विश्वास जगाएको छ । साथै, कृत्रिम बौद्धिकता (एआई) र रोबोटिक्सको प्रयोगले अनुसन्धान र अन्वेषणलाई थप सटीक, सुरक्षित र कुशल बनाएको छ ।

सन् २०२५ मा निजी क्षेत्रले पनि अन्तरिक्ष अन्वेषणमा आफ्नो उपस्थिति मजबुत बनायो । जापानी कम्पनी 'आइस्पेस' ले आफ्नो चन्द्र ल्यान्डर रेसिलिएन्स मिशन २ अन्तरिक्षमा कक्षीय समायोजन पूरा गर्यो र अन्तिम अवतरणका लागि तयारी गरिरहेको छ । यसले निजी क्षेत्रको योगदानलाई अन्तरिक्ष अन्वेषणमा अझ व्यापक बनाएको छ । अमेरिकामा ब्लु ओरिजिनको न्यु ग्लेन रकेटमार्फत इएससिएपिएडिई प्रयोगशाला मिशन सफलतापूर्वक प्रक्षेपण गरियो, जसले नयाँ प्रयोगशालागत अन्वेषण र मिशनको सम्भावना बढायो ।

तर सन् २०२५ पूर्ण रूपमा सफल मात्र थिएन । तीव्र प्रतिस्पर्धा र धेरै मिशनको कठिनताले गर्दा वर्षभरि १२ वटा प्रक्षेपण वा अन्तरिक्षयान परीक्षण असफल भए वा ध्वस्त भए । यद्यपि यी असफलताहरूले सिकाइका अवसरहरू र आगामी मिशनको तयारीमा सुधारका मार्गहरू प्रदान गरेका छन् ।

अनुसन्धानका मुख्य आयामहरूमा सन् २०२५ विशेष रूपमा तीन क्षेत्रहरूमा केन्द्रित रहे । पहिलो, चन्द्रमामा विशेष ध्यान दिइयो । पृथ्वीको नजिकैको प्राकृतिक उपग्रहमा रोबोटिक मिशन, कक्षीय नियन्त्रित प्रयोग र वैज्ञानिक उपकरणहरूको परीक्षणले भविष्यमा मानव बसोबास र दीर्घकालीन अभ्यासका लागि आधार तयार गर्यो । यसै क्रममा अमेरिकाको ब्लु घोस्ट जस्तो ल्यान्डर मिशनले चन्द्रमामा कार्यहरू सम्पन्न गरिरहेको थियो ।

दोस्रो, अन्तरिक्षमा जीवन र कृषिसम्बन्धी अनुसन्धानमा प्रगति भयो । अनुसन्धानकर्ताहरूले अन्तरिक्षमा जीवनका आधारभूत प्रक्रियाहरू बुझ्ने प्रयास गरे । 'अन्तरिक्षमा खेती' को अध्ययनले भविष्यमा चन्द्रमा वा मङ्गल ग्रह जस्ता कक्षहरूमा ताजा फलफूल र तरकारी उत्पादन गर्न सम्भावना छ भन्ने देखायो । यसले दीर्घकालीन मानव बसोबासका लागि आहार सुनिश्चित गर्ने आधार तयार गर्न मद्दत पुर्यायो ।

तेस्रो, पृथ्वी र अन्तरिक्षको जटिल अन्तरक्रियाको अध्ययनमा ध्यान दिइयो । डाटा र उपग्रहहरूको सहायताले पृथ्वीको वातावरण, मौसम चक्र, सतही परिवर्तन र जलवायु अवस्थाहरूको ट्र्याकिङ गरिएको थियो । यसले प्राकृतिक प्रकोपको पूर्वानुमान, जलवायु परिवर्तनको अनुसन्धान र दीर्घकालीन संरक्षण प्रयासमा नयाँ दृष्टिकोण प्रदान गर्यो ।

सन् २०२५ को अनुभवलाई आधार बनाएर सन् २०२६ र भविष्यमा अन्तरिक्ष अन्वेषण अझ ऐतिहासिक बन्ने सम्भावना देखिन्छ । सबैभन्दा उल्लेखनीय योजना भनेको अमेरिकाको आर्टिमिस २ मिशन हो, जसले सन् १९७२ पछि पहिलो मानवयुक्त चन्द्र यात्रा गर्ने लक्ष्य राखेको छ । यो मिशनले पृथ्वीको तल्लो कक्षबाट चन्द्रमासम्म १० दिनको यात्रा गर्नेछ र भविष्यको चन्द्र रोभर र आवास योजनाहरूलाई मार्गदर्शन गर्नेछ ।

भारत, जापान, युरोप र अन्य राष्ट्रहरूले आफ्ना आगामी रोबोटिक तथा मानवयुक्त मिशनको तयारी गरिरहेका छन् । साथै, चीन–पाकिस्तान तथा अन्य अन्तर्राष्ट्रीय साझेदारीहरूले चन्द्रमाको दक्षिण ध्रुव जस्ता नयाँ क्षेत्रहरूमा अनुसन्धान विस्तार गर्ने योजना बनाइरहेका छन् । यसले अन्तर्राष्ट्रिय सहयोगलाई नयाँ उचाइमा पुर्याउने अपेक्षा जगाउँछ ।

सन् २०२५ मा अन्तरिक्ष अन्वेषणले प्रतिस्पर्धा मात्र नभई, वैज्ञानिक साझेदारी, नयाँ प्रविधि र दीर्घकालीन अन्वेषणका साझा लक्ष्य निर्माण गर्ने क्षमतामा ठूलो प्रगति देखाएको छ । विश्वका प्रमुख राष्ट्रहरूले एकअर्कासँग प्रतिस्पर्धा गरे पनि सहकार्यका नयाँ ढोकाहरू खोलिरहेका छन्, जसले मानव जातिको अन्तरिक्ष यात्रा र बसाइलाई दीर्घकालीन, व्यवस्थित र दिगो बनाउने बाटो तयार गर्नेछ ।

भविष्यमा, चन्द्रमा र मङ्गल ग्रहमा स्थायी मानव बसोबासका लागि पूर्वाधार निर्माण, अन्तरिक्ष स्रोतको उपयोग र अन्तरिक्ष पर्यटनका नयाँ आयामहरूले मानव समाजलाई नयाँ दिशा प्रदान गर्नेछन् । यसले पृथ्वीका प्राकृतिक स्रोतमा पर्ने दबाब कम गर्ने सम्भावना मात्र नभई, आर्थिक र प्रविधिक क्षेत्रमा पनि नयाँ अवसरहरू सिर्जना गर्नेछ ।

सन् २०२५ मा अन्तरिक्ष प्रतिस्पर्धा र अनुसन्धानले एउटा नयाँ युगको सुरुआत गरेको छ । यस वर्षका उपलब्धिहरू, चुनौतीहरू, असफलताहरू र सिकाइले मानव जातिको अन्तरिक्ष यात्रा र अन्वेषणलाई अझ व्यवस्थित र वैज्ञानिक दृष्टिकोणले अघि बढाउने आधार तयार गरेको छ । अब मानवता चन्द्रमा मात्र होइन, मङ्गल ग्रह र अन्य ग्रहहरूमा समेत दीर्घकालीन अनुसन्धान र बसोबासका लागि व्यवस्थित तयारीमा प्रवेश गरिरहेको छ ।

त्यसैले सन् २०२५ अन्तरिक्ष अन्वेषणको इतिहासमा नयाँ मोडको वर्ष हो । यस वर्ष विश्वका प्रमुख राष्ट्रहरूले आफ्ना राष्ट्रिय लक्ष्यहरू पुरा गर्दै अन्तरिक्षमा आफ्नो स्थान बलियो बनाए, नयाँ प्रविधिहरू विकास गरे, अन्तर्राष्ट्रीय साझेदारीमा बल पुर्याए र भविष्यको अन्वेषणका लागि आधार तयार गरे । यो वर्षले अन्तरिक्ष केवल वैज्ञानिक खोज मात्र होइन, मानवता र प्रविधि, आर्थिक र सामाजिक सम्भावनाको नयाँ आयाम पनि हो भन्ने प्रमाणित गरेको छ ।

(अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूको सहयोगमा)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# प्रधानमन्त्री कार्कीसँग थारू कल्याणकारिणी सभाको भेट

**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीलाई आइतबार थारू कल्याणकारिणी सभाको एक प्रतिनिधिमण्डलले भेटेर थारू राष्ट्रिय माघी महोत्सवको निम्तो दिएको छ।

महोत्सवको मूल आयोजक समितिका संयोजक एवं थारू कल्याणकारिणी सभाका अध्यक्ष प्रेमीलाल चौधरीले प्रधानमन्त्री कार्कीलाई आगामी माघ १ गते टुँडिखेलमा आयोजना हुने कार्यक्रमका लागि निमन्त्रणापत्र हस्तान्तरण गर्नुभयो । अध्यक्ष चौधरीले प्रधानमन्त्री कार्कीलाई थारूहरूका माग र मुद्दालाई सम्बोधन गर्न आग्रह गर्दै निजामती सेवामा आफूहरुको आरक्षणको विषय सुनिश्चित गर्न माग गर्नुभयो।



प्रधानमन्त्री कार्कीले संविधान र कानुनमा व्यवस्थित भइसकेका हकको प्रचलन कसैले रोक्न नहुने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, “संविधानले दिएको अधिकार कसले र किन रोक्यो ? यो कुरा मैले पनि बुझ्न सकिरहेको छैन।

म यसप्रति चिन्तित छु। संविधान र कानुनमा व्यवस्थित भइसकेका हकको प्रचलन कसैले रोक्न हुँदैन।” रासस

# ओलीसँग मानवअधिकार आयोगले लियो बयान



**काठमाडौं।**
राष्ट्रिय मानवअधिकार आयोगले पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीसँग बयान लिएको छ। भदौ २३ र भदौ २४ गतेको जेनजी आन्दोलनताका प्रधानमन्त्रीको जिम्मेवारीमा रहेका एमाले अध्यक्ष ओलीसँग आइतबार मानवअधिकार आयोगले बयान लिएको हो । यसअघि आयोगले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहसँग पनि बयान लिएको छ। उता, पूर्व न्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा रहेको जाँचबुझ आयोगमा भने ओलीले बयान नदिने अडान लिएका छन्। आयोगले भने बयानको लागि पत्राचार गरेको भनिएको छ। ओली प्रधानमन्त्री हुँदा गृहमन्त्रीको जिम्मेवारीमा रहेका कांग्रेस नेता रमेश लेखकले भने गत सोमबार आयोगसमक्ष बयान दिईसकेका छन् । लेखकले बयानलगत्तै पत्रकार सम्मेलन गरेर उक्त घटनाको बारेमा आफ्नो धारणासमेत सार्वजनिक गरेका थिए।

# दीर्घकालीन लक्ष्यप्राप्तिलाई केन्द्रमा राखी योजना अघि बढाउनुपर्छः मुख्यमन्त्री शाह



सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले दीर्घकालीन लक्ष्यप्राप्तिलाई केन्द्रमा राखी योजना अघि बढाउनुपर्ने बताएका छन्। प्रदेश नीति तथा योजना आयोग सुदूरपश्चिम प्रदेशले आइतबार धनगढीमा आयोजना गरेको दोस्रो पञ्चवर्षीय योजनाअन्तर्गत आर्थिक वर्ष (२०८३/८४–२०८७/८८) को मस्यौदा अवधारणापत्र माथिको छलफलमा उनले लक्ष्यबिना योजना सफल नहुने धारणा राखे।

मुख्यमन्त्री शाहले प्रदेशको समग्र विकासका लागि स्पष्ट दृष्टिकोण, दिगो नीति तथा परिणाममुखी कार्यक्रम अपरिहार्य रहेको उल्लेख गरे।

स्रोतसाधन र क्षमताको उचित व्यवस्थापन गर्दै प्राथमिकताका आधारमा विकास प्रक्रियालाई गतिशील बनाउनुपर्नेमा उनले जोड दिए। उपलब्ध सीमित स्रोतलाई प्रभावकारी रूपमा प्रयोग गर्दै नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने योजनालाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ।

मुख्यमन्त्री शाहले विकास योजनाको सफल कार्यान्वयनका लागि सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई मजबुत बनाउनुपर्ने आवश्यकता औँल्याए।

दीर्घकालीन विकासका लागि आधार तयार गर्न र भविष्यका योजनाका लागि मार्गनिर्देशन प्रदान गर्नका लागि प्रदेश निति तथा योजना आयोगले धनगढीमा कार्यक्रमको आयोजना गरेको हो।

मुख्यमन्त्री शाहको अध्यक्षतामा भएको कार्यक्रममा दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदामाथि नीति तथा योजना आयोगका उपाध्यक्ष डा जीवन रानाले प्रकाश पारेका थिए।

दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा निर्माणका टोली प्रमुख डा हेमराज लामिछानेले प्रदेशको दीर्घकालीन समृद्धि, समावेशी विकास, सुशासन र दिगो विकास लक्ष्य हासिल गर्ने दिशामा नीतिगत तथा कार्यक्रमगत मार्गचित्रसहितको अवधारणापत्र प्रस्तुत गरेका थिए। छलफलमा सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री मेघराज खड्का, राज्यमन्त्री सरस्वती खड्का, आर्थिक मामिला राज्यमन्त्री प्रकाश बम, प्रमुख सचिव वैकुण्ठप्रसाद अर्याल, प्रदेश सचिव विमलप्रसाद बरालगायत सहभागी थिए। रासस

# गृहमन्त्री अर्यालसँग मुस्लिम समुदायका प्रतिनिधिको छलफल

**काठमाडौँ।**
गृहमन्त्री ओमप्रकाश अर्यालसँग मुस्लिम समुदायका तीन छुट्टाछुट्टै समूहका प्रतिनिधिले गृह मन्त्रालयमा आज सामूहिक भेटवार्ता गर्नुभएको छ।

भेटमा मुस्लिम समुदायबाट राष्ट्रिय मुस्लिम समन्वय समितिका पदाधिकारी र सङ्घीय लोकतान्त्रिक गठबन्धनका प्रतिनिधिहरुले आज गृहमन्त्रीसँग सामूहिक भेटवार्ता गर्दै समुदायले ज्ञापनपत्रसमेत बुझाउनुभएको छ।

भेटमा समुदायले बुझाउनुभएका दुई छुट्टाछुट्टै ज्ञापनपत्र बुझ्दै गृहमन्त्री अर्यालले एकअर्काको धर्म र सम्प्रदायमाथि खलल पु¥याउने जोकोहीलाई सरकार र गृह प्रशासन तुरुन्त कारबाहीको दायरामा ल्याउन कटिबद्ध रहेको बताउनुभयो । मन्त्री अर्यालले प्रदेश र जिल्ला तहमा धार्मिक आस्था र सहिष्णुता कायम गर्नु नै अहिलेको प्रमुख आवश्यकता रहेको बताउनुभयो।

शान्तिसुरक्षा कायम गर्नु नै गृह प्रशासनको प्रमुख जिम्मेवारी भएको बताउनुहुँदै गृहमन्त्री अर्यालले यस कार्यमा प्रदेश सरकार र सम्बन्धित जिल्ला प्रशासन कार्यालय र प्रहरी तथा अन्य समुदायले पनि उत्तिकै सक्रिय भूमिका खेल्ने रहनेमा जोड दिनुभयो।

“कानुन हात लिएर कसैले कुनै शक्ति र समूहमा आबद्धता भएकै नाममा गैरकानुनी कार्य गर्छ भने त्यसलाई सरकारले आवश्यक कारबाहीको दायरामा ल्याइनेछ”, मन्त्री अर्यालले भन्नुभयो।

भेटका राष्ट्रिय मुस्लिम समन्वय समितिबाट मोहम्मद युनुस अहमर (हास्मी), मौलाना मजरुल हसन, सीमा खान, मौलाना खुसिद आलम र ताज मोहमद मियाँ, जमियाद उलमाह नेपालका तर्फबाट प्रतिनिधिबाट राष्ट्रिय सभा सदस्य खालिद सिद्दिकी, कल्पना मियाँ, नेपाल हज कमिटीका अध्यक्ष मोख्तर अहमद, ताज मोहम्मद मियाँ र मोहम्मद फलाउ उल्लाह र सङ्घीय लोकतान्त्रिक गठबन्धनकोतर्फबाट मोहम्मद रिजवान अन्सारी, विमला अन्सारीलगायतका प्रतिनिधिले समुदायमा बढ्दै गइरहेका केही असामाजिक, धार्मिक सहिष्णुता भड्कने खालका गतिविधि र आगामी फागुन २१ गतेको निर्वाचनका लागि शान्ति सुव्यवस्था खलबलिनसक्ने वातावरणतर्फ समुदायका प्रतिनिधिहरूले मन्त्री अर्यालको ध्यानाकर्षण गराउनुभएको थियो।

पालिका प्रतिनिधिसँग भेट

आजै गृहमन्त्री ओमप्रकाश अर्यालसँग अर्घाखाँची जिल्लाको शीतगङ्गा नगरपालिका प्रमुखसहितको एक टोलीले आज गृहमन्त्रालयमा इलाका प्रशासन कार्यालय स्थापना गरिनुपर्ने मागसहितको ज्ञापनपत्र बुझाएको छ।

सेवाग्राहीको पहुँच, स्थानीय प्रशासनिक सेवा उपलब्ध गराउने राज्यको दायित्वका आधारमा नगरपालिकाले त्यहाँको वडा नं ३, ठाडामामा इलाका प्रशासन कार्यालय स्थापना गरिदिने मागसहितको निवेदन आज गृहमन्त्री अर्यालसमक्ष पालिका प्रमुखसहितको टोलीले पेस गरेको हो । नगर प्रमुख छविलाल पौडेलसहितको टोलीले नेपालकै ठूलो क्षेत्रफल भएको स्थानीय तहका रुपमा रहेको शीतगङ्गा नगरपालिकाको भूगोल, सेवा क्षेत्र, जनसङ्ख्याको वितरण, प्रशासनिक पहुँच, दूरी, सेवाग्राहीको आवागमनमा पर्ने आर्थिक तथा सामाजिक भार, स्थानीय शान्तिसुरक्षा, नागरिकता र पासपोर्ट जस्ता प्रत्यक्ष प्रशासनिक सेवालाई पहुँचयोग्य बनाउन त्यस ठाउँमा इलाका प्रशासन कार्यालय स्थापना गर्न अत्यन्त आवश्यक रहेको जनाइएको छ । यस पालिकामा १४ वटा वडाहरु रहेका छन्।

मन्त्रिपरिषद्को गत भदौ ९ गतेको बैठकले २३ जिल्लामा इलाका प्रशासन कार्यालय स्थापना गर्ने निर्णय थियो। रासस

# पाथीभरा क्षेत्रमा हिमपात



फुङ्लिङ (ताप्लेजुङ)। यहाँस्थित धार्मिकस्थल पाथीभरा क्षेत्रमा दोस्रोपटक हिमपात भएको छ। सो क्षेत्रमा यसवर्ष पहिलोपटक गत मङ्सिर ६ गते हिमपात भएको थियो।

हिमपात भएसँगै चिसो बढेको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ। समुद्र सतहदेखि तीन हजार ७९४ मिटरमा अस्थित पाथीभरा क्षेत्रहरूमा विगतमा मङ्सिरदेखि नै हिमपात हुने गर्दथ्यो। पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतका अनुसार शनिबार बेलुका पाथीभरा क्षेत्रमा हिमपात भएको हो। पाथीभरा हिमपात भए पनि तीर्थयात्रीहरूलाई सहजताका लागि पदमार्गमा फाइबरको ट्रस लगाएको छ । यसले वर्षा र हिमपातसमेत पाथीभरा धामसम्म पुग्नका लागी तीर्थयात्रीलाई सहज हुने पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ। रासस

# ‘सरकारसँगको छलफलपछि एमाले निर्वाचनमा जाने निर्णयमा पुगेको छ’

**ताप्लेजुङ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव योगेशकुमार भट्टराईले सरकारसँगको छलफलपछि एमाले निर्वाचनमा जाने निर्णयमा पुगेको बताउनुभएको छ । प्रेस चौतारी ताप्लेजुङले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उपमहासचिव भट्टराईले यसअघि निर्वाचन हुने÷नहुने र पार्टी सहभागी हुने÷नहुने अन्योल रहेकामा सरकारसँगको छलफलपछि निर्वाचनमा जाने निर्णय गरिएको जानकारी दिनुभयो। निर्वाचन प्रक्रिया सुरु भइसकेको जनाउँदै उहाँले राजनीतिक दलहरूले समानुपातिक बन्दसूची पनि बुझाइसकेकाले निष्पक्ष, भयरहित वातावरणमा निर्वाचन गराउनेतर्फ सरकार केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । गत भदौ २३ र २४ गतेका घटनापछि सुरक्षा निकायको मनोबल घटेको, हजारौँ कैदीबन्दी फरार रहेका र हतियार लुटिएका विषयमा पार्टीले गम्भीर चासो व्यक्त गरेको उपमहासचिव भट्टराईको भनाइ छ । सरकारले यी विषयमा संवेदनशील रहेको प्रतिक्रिया दिएपछि नेकपा एमाले निर्वाचनमा जाने निर्णयमा पुगेको उहाँले बताउनुभयो। यो निर्वाचन विगतका निर्वाचनभन्दा भिन्न हुनुका साथै लोकतन्त्र तथा संविधानको पुनःस्थापनाका लागि निर्णायक हुने उपमहासचिव भट्टराईले धारणा राख्नुभयो । उहाँले लोकतन्त्रलाई जोगाउनु अहिलेको प्रमुख चुनौती भएकाले सबै राजनीतिक दलबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिनुभयो।

अन्तरराष्ट्रिय परिवेशमा हालै मात्र भेनेजुयला, युक्रेन, पूर्वी एसिया, बङ्गलादेश, पाकिस्तान र श्रीलङ्कामा देखिएको तनावको असर नेपालमा पनि पर्न सक्ने भन्दै उहाँले राष्ट्रिय एकताको आवश्यकता औँल्याउनुभयो । गत भदौ २३ गते सुशासन, भ्रष्टाचार अन्त्य र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ताको माग गर्दै भएको नवयुवा आन्दोलनका माग जायज रहेका भन्दै उपमहासचिव भट्टराईले यसमा एमालेको कुनै विपत्ति नरहेको स्पष्ट पार्नुभयो।

यसैबीच, ताप्लेजुङको जिल्ला कमिटीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि पाँच जनाको नाम सिफारिस गरेको छ । उपमहासचिव भट्टराईले पार्टीले सर्वसम्मत रूपमा एक जना उम्मेदवार चयन गर्ने र जो उम्मेदवार भए पनि एमालेको जीत सुनिश्चित गर्न एकजुट हुनुपर्नेमा जोड दिनुभयो।

शनिबार बसेको एमाले ताप्लेजुङको बैठकले योगेशकुमार भट्टराई, तिलकुमार मेन्याङ्बो, क्षितिज थेबे, टङ्क आङ्बुहाङ र भीमादेवी ओझासहित पाँच जनाको नाम सिफारिस गरेको थियो। रासस

# कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक सोमबार बस्दै

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक आज सोमबार बस्ने भएको छ। पार्टी केन्द्रीय कार्यालय सानेपा, ललितपुरमा दिउँसो १ बजे बस्ने बैठकमा कांग्रेसको १५औं महाधिवेशन, आसन्न राष्ट्रिय सभा र प्रतिनिधिसभा सदस्य निर्वाचनलगायत विषयमा छलफल हुने पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

यसअघि कार्यसम्पादन समितिको शुक्रबारको बैठकले पार्टीको १५औं महाधिवेशन आगामी वैशाख २८ देखि ३१ गतेसम्म काठमाडौंमा गर्ने निर्णय गरेको थियो। अर्कोतिर कांग्रेस केन्द्रीय कार्यालयमा गत असोज २९ गते ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले दर्ता गराएको विशेष महाधिवेशनको प्रस्ताव पनि विचाराधीन अवस्थामा रहेको छ। रासस

# विकासका लागि समन्वय गर्दै चितवनका पालिकाहरु

**चितवन।**
जिल्लाका सात पालिका र सीमाका पालिकाले विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्दै अघि बढ्ने सहमति गरेका छन् । कालिका नगरपालिकाले दोस्रो पटक आफ्नो नगरभित्र सबै पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई निमन्त्रणा गरेर विकासमा समन्वय गर्दै अघि बढ्न समन्वयात्मक बैठक राखेको हो । बैठकमा सहभागी जनप्रतिनिधिहरूबीच संयुक्त रूपमा फोहर व्यवस्थापन गर्ने, चेपाङलगायत विपन्न बालबालिकाको शिक्षाका लागि संयुक्त काम गर्ने विषयमा छलफल भएको थियो । छलफलपछि विपन्न बालबालिकालाई आवासीय सुविधासहित छात्राबास बनाउने विषयमा छलफल भएको छ।

भूमि वर्गीकरणमा एकरुपता ल्याउने, त्रिशूली डाइभर्सनको कामलाई अघि बढाउन पहल गर्ने, शक्तिखोरको औद्योगिक क्षेत्र यथाशीघ्र बनाउन पहल गर्नेलगायत विषयमा छलफल भएको कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले जानकारी दिए। उनका अनुसार जिल्लामा रहेका गौरवका आयोजना सम्पन्न गर्ने र थप आयोजना भित्र्याउनका लागि संयुक्त प्रयास गर्ने, कृषि उत्पादनको बजारीकरणमा संयुक्त पहल गर्ने विषयमा छलफल भएको छ। उनले भने, “पर्यटनका क्षेत्रमा पनि मिलेर काम गर्ने विषयमा छलफल भएको छ।”

चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तु हेर्न आएका पर्यटकलाई ट्रेकिङमार्फत जिल्लाका पहाडी चेपाङ बस्तीसम्म पु¥याएर हिमाल देखाउने विषयमा सबै सहमत भएका नगरप्रमुख रेग्मीले बताए । यससँगै यहाँ आउने पर्यटकको बसाई लम्ब्याउन सकिने उनीहरूको राय थियो । समग्र जिल्लालाई जोड्ने गरी रिङरोड बनाउने, खैरहनीमा रहेको कृषि क्याम्पसलाई थप व्यवस्थित गर्न सबै पालिकाले पहल गर्ने, शक्तिखोर आसपासका उद्योगलाई शक्तिखोर औद्योगिक क्षेत्रसँग जोड्ने विषयमा छलफल भएको छ।

जिल्लाका पहाडी क्षेत्रमा उत्पादन हुने गाँजाखेतीलाई नष्ट गर्ने काम बन्द गरी कानुनतः खेती गर्न पाउने व्यवस्था गर्न आवश्यक पहल गर्ने विषयमा पनि बैठकमा छलफल भएको रेग्मीले बताए । सो अवसरमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले सबै पालिका मिलेर संयुक्त रूपमा काम गरेमा सहज हुनुका साथै जनअपेक्षा अनुसार नतिजा हासिल हुने धारणा राखे। कतिपय काम संयुक्त रूपमा गर्दा व्ययभार कम हुने भन्दै उनले बैठक नियमित गर्न सुझाव दिए।

बैठकमा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटा, खैरहनी नगरपालिकाका प्रमुख शशि खनिया, माडी नगरपालिकाका प्रमुख ताराकाजी महतो, इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ, राप्ती नगरपालिकाका उपप्रमुख देवेन्द्र लामा, धादिङको बेनिघाट–रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलियालगायत पालिकाका उपप्रमुख, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र पालिकाका महाशाखा प्रमुखहरूले आफ्नो धारणासहित सुझाव राखेका थिए । दुई महिनाभित्रमा उठेका विषयलाई एकताबद्ध गरी विकासका लागि योजनाबद्ध खाकासहित रत्ननगर नगरपालिकाको आयोजनामा बैठक बस्ने सहमति भएसँगै आजको बैठक सम्पन्न भएको छ। रासस

# शुक्लाफाँटा निकुञ्जबाट आएका जङ्गली हात्तीद्वारा घर र बालीमा क्षति

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट निस्किएको जङ्गली हात्तीको बथानले आइतबार कञ्चनपुरको बेलडाँडी गाउँपालिका–५ इमलियाका गाउँमा पसेर घर तथा अन्नबालीमा क्षति पु¥याएको छ। जङ्गली हात्तीले बस्तीमा प्रवेश गरी घरभित्र राखिएको अन्नपात तथा खेतबारीमा लगाइएको बालीमा क्षति पु¥याएको हो।

घटनामा कुनै मानवीय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक सागर बोहराले बताए।

स्थानीयवासी, नेपाल प्रहरी र नेपाली सेनाको संयुक्त टोलीले हात्तीलाई धपाएर पुनः निकुञ्जतर्फ फर्काइएको उनले जानकारी दिए। प्रहरी नायब उपरीक्षक बोहराका अनुसार स्थानीय कमल गिरीको काठ र माटोले बनेको दुई कोठे कच्ची घर पूर्ण रूपमा क्षतिग्रस्त भएको छ भने निजको करिब पाँच कठ्ठा जमिनमा लगाइएको उखु र पाँच कठ्ठा जमिनमा लगाइएको गहुँ तथा तोरीबालीमा समेत क्षति पुगेको छ। घर भत्किएपछि चार जनाको परिवार अहिले भाइको घरमा बसोबास गरिरहेका उनले बताए।




त्यस्तै, सोही स्थानका नेपाली गिरीको काठ र माटोले बनेको दुई कोठे कच्ची घरको एकतर्फको पर्खाल भत्काइ घरभित्र राखिएको चामल, धान, गहुँ र पिठो खाएर क्षति पु¥याएको छ। त्यसैगरी बिरजनी गिरीको काठ र माटोले बनेको एक कोठे कच्ची भान्सा घर भत्काई पूर्ण रूपमा नष्ट गरेको प्रहरीले जनाएको छ । स्थानीयवासीले जङ्गली जनावरको बारम्बार हुने प्रवेशका कारण असुरक्षित महसुस भइरहेको गुनासो गरेका छन् भने सम्बन्धित निकायसँग क्षतिपूर्तिको माग गरेका छन् । रासस

# टि–२० विश्वकप खेल भारत बाहिर सार्न बङ्गलादेशको आग्रह

**ढाका।**
भारतले एक बङ्गलादेशी क्रिकेटरलाई इन्डियन प्रिमियर लिग (आइपिएल) छोड्न बाध्य पारेको घटनापछि बङ्गलादेशले आगामी महिना श्रीलङ्कामा सुरु हुने टि–२० विश्वकपमा आफ्ना खेलहरू भारत बाहिर आयोजना गर्न अनुरोध गर्ने भएको छ।



बङ्गलादेशका अन्तरिम सरकारका युवा तथा खेलकुद सल्लाहकार आसिफ नजरुलले आइतबार राज्यद्वारा सञ्चालित बिएसएस समाचार एजेन्सीमार्फत जारी विज्ञप्तिमा बङ्गलादेशी क्रिकेट, क्रिकेटर र राष्ट्रको गरिमामाथि कुनै पनि प्रकारको अपमान अस्वीकार्य हुने स्पष्ट गर्नुभएको छ।

"हामी कुनै पनि परिस्थितिमा बङ्गलादेशी क्रिकेट, क्रिकेटर र बङ्गलादेशको अपमान स्वीकार गर्दैनौँ", उहाँले भन्नुभएको छ, "दासत्वका दिनहरू समाप्त भइसकेका छन् ।" उहाँका अनुसार छिमेकी राष्ट्रहरूबीच बढेको तनावको पृष्ठभूमिमा भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई) ले आइपिएल टोलीहरूलाई 'सल्लाह' दिएपछि बङ्गलादेशका फास्ट बलर मुस्ताफिजुर रहमानलाई कोलकाता नाइट राइडर्सले शनिबार रिलिज गरेको थियो। नजरुलले बङ्गलादेश क्रिकेट बोर्ड (बिसिबी) लाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) लाई औपचारिक पत्र लेख्न निर्देशन दिइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यदि कुनै बङ्गलादेशी क्रिकेटर अनुबन्धित भएर पनि भारतमा खेल्न नसक्ने अवस्था सिर्जना हुन्छ भने सम्पूर्ण बङ्गलादेशी क्रिकेट टोलीले विश्वकपमा खेल्न आफूलाई सुरक्षित महसुस गर्न सक्दैन ।" यही कारण देखाउँदै उहाँले बङ्गलादेशका विश्वकप खेलहरू श्रीलङ्कामा आयोजना गर्न अनुरोध गर्न पनि बोर्डलाई निर्देशन दिनुभएको छ।

भारत र श्रीलङ्काले संयुक्त रूपमा आयोजना गर्ने टि–२० विश्वकप फेब्रुअरी ७ देखि सुरु हुने तय भएको छ । तालिकाअनुसार बङ्गलादेशले आफ्ना चारवटा समूह चरणका खेल भारतमा खेल्ने कार्यक्रम रहेको छ । यसैबीच, पाकिस्तानले आफ्ना सबै खेल श्रीलङ्कामै खेल्नेछ, जुन भारत र पाकिस्तान दुवैलाई बहुराष्ट्रिय प्रतियोगिताहरूमा तटस्थ स्थल प्रयोग गर्न दिने सम्झौताअन्तर्गत गरिएको व्यवस्था हो।

सन् २०२४ मा ढाकामा भएको जनविद्रोहपछि भारतको निकट सहयोगी मानिने तत्कालीन प्रधानमन्त्री शेख हसिनाको पदच्युत भएसँगै भारत र बङ्गलादेशबीचको राजनीतिक सम्बन्धमा तिक्तता आएको बताइन्छ । भारतको विदेश मन्त्रालयले गत महिना मुस्लिम बहुल बङ्गलादेशमा 'अल्पसङ्ख्यकहरूविरुद्ध निरन्तर शत्रुता' भएको भन्दै आलोचना गरेको थियो । तर बङ्गलादेशका अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले भारतले हिंसाको परिमाणलाई बढाइचढाइ गरेर प्रस्तुत गरेको आरोप लगाउनुभएको छ । रासस

# मदुरो अपदस्थपछि भेनेजुएलामा अमेरिकी हस्तक्षेप




भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई सत्ताबाट हटाएर देश बाहिर लगिएको केही घन्टापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाले कम्तीमा अस्थायी रूपमा भेनेजुएला चलाउने र यसको विशाल तेल भण्डार अन्य राष्ट्रहरूलाई बिक्री गर्ने योजना बनाएको बताएका छन् । उनले शनिबार पत्रकारहरूसँग कुरा गर्दै नेतृत्वको शून्यतालाई प्रयोग गरी तेल पूर्वाधार सुधार्ने र ठूलो परिमाणमा तेल निर्यात गर्ने तयारी रहेको स्पष्ट गरे।

यो नाटकीय घटनाक्रम दक्षिण अमेरिकी राष्ट्र भेनेजुएलामाथि ट्रम्प प्रशासनले महिनौँदेखि गर्दै आएको गहिरो दबाब र गोप्य योजनाको परिणामका रूपमा देखिएको छ।

सन् २००३ मा इराक आक्रमणपछि शासन परिवर्तन हासिल गर्ने यो सबैभन्दा आक्रामक अमेरिकी कदम मानिएको छ । तर, कङ्ग्रेसको स्वीकृति बिना गरिएको यस सैन्य कारबाहीको कानूनी वैधतामाथि कानूनी विज्ञहरूले तुरुन्तै प्रश्न उठाएका छन्।

मदुरो र उनकी पत्नी सिलिया फ्लोर्सलाई राजधानी काराकासस्थित एक सैन्य आधारको निवासबाट रातारात नियन्त्रणमा लिई अमेरिकी युद्धपोतमार्फत अमेरिका लगिएको थियो । उनीहरूलाई 'नार्को–आतङ्कवाद' षड्यन्त्रमा संलग्न भएको आरोपमा अभियोजनका लागि ल्याइएको अमेरिकी अधिकारीहरूले बताएका छन्। मदुरोलाई बोकेको विमान शनिबार अपराह्न न्युयोर्क नजिकै अवतरण गरेपछि सङ्घीय एजेन्टहरूको कडा सुरक्षाबीच उनलाई म्यानहट्टनस्थित अमेरिकी लागुऔषध नियन्त्रण प्रशासन (डिइए) कार्यालय लगिएको थियो । ब्रुकलिनको सङ्घीय जेलमा मुद्दाको पर्खाइमा उहाँलाई हिरासतमा राखिने अपेक्षा गरिएको छ।

ह्वाइट हाउसद्वारा सार्वजनिक गरिएको भिडियोमा मदुरो मुस्कुराउँदै डिइए एजेन्टहरूको साथमा देखिएका छन् । यद्यपि अमेरिकी अधिकारीहरूले तत्काल उहाँ जेलमा रहेको औपचारिक पुष्टि गरेका छैनन् । यस कदमबारे भेनेजुएलाकी उपराष्ट्रपति डेल्सी रोड्रिग्जले कडा आपत्ति जनाउँदै मदुरोलाई तत्काल रिहा गरी देशको वैध नेता मान्नुपर्ने माग गर्नुभएको छ । भेनेजुएलाको कानूनअनुसार उनले अन्तरिम भूमिका ग्रहण गर्न सक्ने व्यवस्था भए पनि रोड्रिग्जले राज्य टेलिभिजनमार्फत आफू सत्ता लिन इच्छुक नरहेको र 'भेनेजुएलामा एक मात्र राष्ट्रपति निकोलस मदुरो मोरोस नै हुनुहुन्छ' भन्ने धारणा व्यक्त गरे।

ट्रम्प प्रशासनले यो अपरेसनलाई अमेरिकामा लागुऔषधको अवैध प्रवाह रोक्ने कदमका रूपमा व्याख्या गरेको छ । राष्ट्रपति ट्रम्पले मार–ए–लागोमा आयोजित पत्रकार सम्मेलनमा 'सुरक्षित र विवेकपूर्ण सङ्क्रमण सम्भव नहुन्जेलसम्म अमेरिकाले भेनेजुएलाको प्रशासनमा सहयोग गर्ने' बताए । उनले यसलाई अमेरिकी सार्वभौमिकता र नागरिकको सुरक्षामाथि खतरा पु¥याउनेहरूप्रति कडा चेतावनीका रूपमा पनि वर्णन गरे। शनिबार बिहान काराकासमा विस्फोटहरू सुनिनुका साथै कम उचाइमा सैन्य विमानहरू उडेको देखिएको थियो । भेनेजुएलाको सरकारले यसलाई 'साम्राज्यवादी आक्रमण" भन्दै नागरिक र सैन्य प्रतिष्ठानहरूमा क्षति पुगेको आरोप लगाएको छ'। आक्रमण करिब ३० मिनेट चलेको बताइन्छ । उपराष्ट्रपति रोड्रिग्जका अनुसार केही नागरिक र सुरक्षाकर्मी मारिएका छन्, तर सङ्ख्या खुलाइएको छैन। अमेरिकी पक्षले भने केही सैनिक घाइते भए पनि मृत्यु नभएको जनाएको छ।

मदुरोको कब्जापछि काराकासका केही क्षेत्रमा समर्थकहरू सडकमा उत्रिएर विरोध प्रदर्शन गरे भने अन्य स्थानहरू सुनसान देखिए । बिजुली अवरुद्ध भएका क्षेत्रहरूमा त्रासको वातावरण थियो । "सबैजना डराएका छन्, धेरै परिवार सुत्न सकेनन्", काराकासका बासिन्दा नोरिस प्रादाले भने । यसबीच, अमेरिकाको फ्लोरिडास्थित डोरल सहरमा ठूलो भेनेजुएलाली समुदायले मदुरोको पतनलाई स्वागत गर्दै उत्सव मनाएको देखियो।

अन्तर्राष्ट्रिय रूपमा पनि यस घटनाले तरङ्ग ल्याएको छ । कोलम्बियाको आग्रहमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले भेनेजुएलामा अमेरिकी सैन्य अपरेसनबारे छलफल गर्न आपतकालीन बैठक बोलाउने तयारी गरेको कूटनीतिक स्रोतहरूले जनाएका छन् । अमेरिकी कङ्ग्रेसका दुवै दलका केही सांसदहरूले कङ्ग्रेसको स्वीकृति बिना गरिएको आक्रमणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै प्रशासनसँग यसको कानूनी आधार र क्षेत्रीय स्थिरताबारे स्पष्ट जवाफ माग गरेका छन्। रासस

# सिरियामा आइएस लक्ष्यमा बेलायत–फ्रान्सको हवाई आक्रमण

बेलायती र फ्रान्सेली लडाकू विमानहरूले मध्य सिरियामा इस्लामिक स्टेट (आइएस) समूहसँग सम्बन्धित हतियार र विस्फोटक भण्डारण गरिएको आशङ्का गरिएको एक भूमिगत केन्द्रमा हवाई आक्रमण गरेका छन् । बेलायती रक्षा मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिमा उक्त जानकारी दिइएको हो। मन्त्रालयका अनुसार शनिबार साँझ सिरियाको होम्स प्रान्तस्थित ऐतिहासिक सहर पालमिराको उत्तरतर्फ रहेको एक पहाडी संरचनाभित्रको भूमिगत सुविधालाई लक्षित गरी आक्रमण गरिएको थियो । सो स्थानमा आइएसका सदस्यहरूले हतियार तथा विस्फोटक सामग्री भण्डारण गरेको सूचनाका आधारमा कारबाही गरिएको जनाइएको छ।



बेलायत र फ्रान्स विगत एक दशकभन्दा बढी समयदेखि आइएसविरुद्ध सङ्घर्ष गर्दै आएको अमेरिकी नेतृत्वको अन्तर्राष्ट्रिय सैन्य गठबन्धनका सदस्य राष्ट्र हुन् । जारी विज्ञप्तिअनुसार बेलायती वायु सेनाले भोयजर रिफ्युलिङ ट्याङ्करको सहयोगमा टाइफुन एफजिआर–४ लडाकू जेट प्रयोग गरेको थियो भने फ्रान्सेली लडाकू विमानहरू पनि संयुक्त आक्रमणमा सहभागी भएका थिए।

बेलायती वायु सेनाले पेभवे–४ निर्देशित बम प्रयोग गरी उक्त भूमिगत केन्द्रका तलतर्फ रहेका धेरै पहुँच सुरुङहरूलाई लक्षित गरेको जनाएको छ । मन्त्रालयका अनुसार आक्रमणपछिको विस्तृत मूल्याङ्कन प्रक्रिया जारी रहे पनि प्रारम्भिक सङ्केतहरूले 'लक्ष्य सफलतापूर्वक संलग्न गरिएको' देखाएको छ। बेलायतका रक्षामन्त्री जोन हेलीले यस कारबाहीले मध्यपूर्व क्षेत्रमा आइएस र यसको 'हिंसात्मक विचारधारा' को कुनै पनि पुनरुत्थान रोक्न बेलायत आफ्ना सहयोगी राष्ट्रहरूसँग काँधमा काँध मिलाएर उभिन प्रतिबद्ध रहेको सन्देश दिएको बताउनुभएको छ।

यस आक्रमणबारे सिरियाली सरकारको तर्फबाट तत्काल कुनै आधिकारिक प्रतिक्रिया आएको छैन। सिरिया गत वर्षको अन्त्यतिर औपचारिक रूपमा आइएसविरोधी अन्तर्राष्ट्रिय गठबन्धनमा सामेल भएको थियो । सन् २०१९ मा सिरियामा निर्णायक सैन्य पराजय भोगेपछि पनि आइएसका स्लीपर सेलहरू अझै सक्रिय रहेको मानिन्छ । ती समूहहरूले सिरिया र इराकमा छिटपुट तर घातक आक्रमणहरू गर्दै आएका छन्, जहाँ एक समय उनीहरूले तथाकथित 'खिलाफत' घोषणा गरेका थिए। संयुक्त राष्ट्रसङ्घका विज्ञहरूका अनुसार आइएससँग अझै पनि सिरिया र इराकका आफ्ना पुराना गढ क्षेत्रमा करिब पाँच हजारदेखि सात हजार सदस्यहरू सक्रिय छन्।

गत महिना, पालमिरा नजिकै भएको एक आक्रमणमा दुई अमेरिकी सैनिक र एक अमेरिकी नागरिक दोभाषे मारिएपछि त्यसको प्रतिशोधस्वरूप ट्रम्प प्रशासनले सिरियामा आइएस लडाकूहरू र हतियार केन्द्रहरूलाई 'उन्मूलन' गर्ने उद्देश्यले अमेरिकी सैन्य आक्रमण सुरु गरेको थियो। अहिलेको बेलायत–फ्रान्सको संयुक्त हवाई कारबाही पनि त्यही व्यापक सुरक्षा प्रयासको निरन्तरता मानिएको छ। रासस

# कङ्गोको पूर्वी क्षेत्रमा द्वन्द्व चर्किँदै संयुक्त राष्ट्रसङ्घको गम्भीर चासो

अफ्रिकी देश कङ्गो लोकतान्त्रिक गणतन्त्रको पूर्वी क्षेत्रमा भएको ड्रोन आक्रमणसम्बन्धी समाचारप्रति संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनले गम्भीर चासो व्यक्त गरेको छ । कङ्गोमा तैनाथ संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसन प्रमुख मोनुस्कोले शनिबार सार्वजनिक गरेको विज्ञप्तिमा सर्वसाधारण तथा नागरिक पूर्वाधारलाई लक्षित गर्ने सबै प्रकारका आक्रमणको कडा निन्दा गरेका छन् । उक्त क्षेत्रमा सरकारी सुरक्षा बल र 'एम–२३' आन्दोलन नामक विद्रोही समूह बीच भीषण झडप भइरहेको छ।




संयुक्त राष्ट्रसङ्घीय मिसनले सबै पक्षलाई युद्धविरामको कडाइका साथ पालना गर्न, अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न तथा कूटनीतिक पहलमार्फत सम्पन्न शान्ति सम्झौताहरू कार्यान्वयनलाई प्राथमिकता दिन आग्रह गरेको छ । अन्तर्राष्ट्रिय चिकित्सा सहायता संस्थाले शुक्रबार जारी गरेको विज्ञप्तिअनुसार, आवासीय क्षेत्रमा भएको हवाई आक्रमणपछि अस्पतालमा महिला तथा बालबालिकासहित ४२ जना घाइते भर्ना गरिएका थिए । उपचारका क्रममा दुई जनाको मृत्यु भएको जनाइएको छ।

मासिसी क्षेत्र पूर्वी कङ्गोमा द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित क्षेत्रहरूमध्ये एक मानिन्छ । पछिल्लो ड्रोन आक्रमणको घटना गत साता 'एम–२३' विद्रोही समूह, कङ्गो सेना तथा तिनका समर्थकबीच झडप भएको हो। उभिरा रणनीतिक महत्त्वको सहर हो, जसलाई 'एम–२३' समूहले सन् २०२५ देखि छोटो समयका लागि नियन्त्रणमा लिएको थियो र एक सातापछि फिर्ता भएको दाबी गरेको थियो।

पूर्वी कङ्गो विगत धेरै दशकदेखि निरन्तर हिंसाबाट ग्रसित रहँदै आएको छ । सन् २०२१ को अन्त्यदेखि 'एम–२३' विद्रोह पुनः सक्रिय भएपछि अवस्था अझै जटिल बनेको छ । कङ्गो सरकारले छिमेकी रुवान्डाले विद्रोही समूहलाई सहयोग गरिरहेको आरोप लगाउँदै आएको छ, तर रुवान्डाले ती आरोपहरू अस्वीकार गर्दै आएको छ । रासस

# ताइवान तनाव पन्छाउँदै ली चीन भ्रमणमा



ताइवानजस्तो संवेदनशील विषयलाई सतहमा नल्याई चीनसँग आर्थिक सम्बन्ध सुदृढ गर्ने लक्ष्यसहित दक्षिण कोरियाका राष्ट्रपति ली जे–म्युङ आइतबार चीन आइपुगेका छन्। चीन दक्षिण कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार भएकाले यस भ्रमणलाई सियोल–बेइजिङ सम्बन्ध पुनः सन्तुलनमा ल्याउने प्रयासका रूपमा हेरिएको छ।

राष्ट्रपति ली छ वर्षपछि बेइजिङ भ्रमण गर्ने पहिलो दक्षिण कोरियाली राष्ट्रपति छन्। उनको चारदिने भ्रमण चीनले ताइवान वरपर ठूलो सैन्य अभ्यास गरेको एक साताभित्रै सुरु भएको हो । मिसाइल, लडाकू जेट, नौसेना र तटरक्षक जहाज सहभागी सो अभ्यासले अन्तर्राष्ट्रिय आलोचना खेपेको थियो, तर सियोल त्यस निन्दामा खुलेर सहभागी भएको थिएन।

व्यापार र प्रविधि क्षेत्रका नेताहरूको ठूलो प्रतिनिधिमण्डलसहित राष्ट्रपति लीले चिनियाँ राष्ट्रपति सी जिनपिङ तथा अन्य शीर्ष नेतासँग भेटवार्ता गर्दै आर्थिक सहकार्य विस्तार गर्ने अपेक्षा राखेका छन् । साथै, उत्तर कोरियासँगको सम्बन्ध सुधार गर्ने आफ्नो प्रयासमा चीनको प्रभाव उपयोग गर्न सकिने सम्भावनाबारे पनि उनले छलफल गर्ने तयारी गरेका छन्।

ली चीन प्रस्थान गर्नुभन्दा केही घन्टाअघि दक्षिण कोरियाली सेनाले उत्तर कोरियाले जापान सागरमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको जनाएको थियो, जुन यो वर्षको पहिलो परीक्षण हो। दक्षिण कोरियाले लामो समयदेखि आफ्नो प्रमुख व्यापारिक साझेदार चीन र मुख्य सुरक्षा साझेदार अमेरिका बीच सन्तुलन कायम गर्दै आएको छ । विश्लेषकहरूका अनुसार चीनले हाल दक्षिण कोरियालाई अमेरिका–जापानसँगको सहकार्यबाट केही टाढा ल्याउने प्रयास गरिरहेको छ । हानकुक युनिभर्सिटी अफ फरेन स्टडिजका प्राध्यापक काङ जुन–युङका अनुसार त्रिपक्षीय सुरक्षा सहकार्य बलियो बन्दै जाँदा चीनले दक्षिण कोरियालाई 'सबैभन्दा कमजोर कडी' का रूपमा हेर्न सक्छ।

ताइवानको विषयमा पक्ष लिनाले तनाव बढ्ने भन्दै राष्ट्रपति ली लामो समयदेखि सावधान रहँदै आएका छन्।

हालै चिनियाँ सरकारी टेलिभिजनसँगको अन्तर्वार्तामा उनले 'एक–चीन' सिद्धान्तको सम्मान गर्ने र ताइवान जलडमरूमध्यसहित उत्तरपूर्वी एसियामा शान्ति र स्थिरता अत्यन्त महत्त्वपूर्ण भएको स्पष्ट गरेका थिए।

आर्थिक एजेन्डामा राष्ट्रपति लीले दक्षिण कोरिया र चीनबीचको व्यापारलाई अझ पारस्परिक रूपमा फाइदाजनक बनाउने आवश्यकता औँल्याएका छन् । उनीसँगै सामसङ, ह्युन्डाई मोटर समूहलगायत ठूला कम्पनीका शीर्ष अधिकारीहरू पनि भ्रमणमा सहभागी छन् । सोमबार राष्ट्रपति सीसँग शिखर वार्ता र मङ्गलबार प्रधानमन्त्री ली किआङसहित चिनियाँ नेताहरूसँग व्यापारसम्बन्धी छलफल तय भएको राष्ट्रपति कार्यालयले जनाएको छ। यस भ्रमणका क्रममा चीनले लामो समयदेखि अनौपचारिक रूपमा लगाउँदै आएको कोरियाली पप संस्कृति (के–पप) सम्बन्धी प्रतिबन्धमा केही सहजता आउने आशा पनि दक्षिण कोरियाली पक्षले गरेको छ। राष्ट्रपतिका सल्लाहकार वाइ सुङ–ल्याकका अनुसार आधिकारिक रूपमा प्रतिबन्ध नभएको भनिए पनि व्यवहारमा अवस्था फरक देखिँदै आएको छ र यही विषय पनि छलफलको एजेन्डामा रहनेछ। रासस

# श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

वीरगंज म.न.पा ०८,पानीटंकी

## कर्जा चुक्ता गर्ने आउने बारे ३५ दिने अत्यन्तै जरूरी सूचना

**( दोश्रो पटक प्रकाशित मिति:२०८२/०९/२१)**

**टेलिफोन नं-०५१-५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com**

यस श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०९/२१ तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक -पटक उपभोग गरेको कर्जाको साँवा ,ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछ्यौट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गरिएका समझौता भंग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ | यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउन पर्ने सम्पूर्ण साँवा ,ब्याज तथा हर्जाना रकम एकमुस्ट बुझाउन अनुरोध गरिन्छ | यस सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४,को दफा ७९, र सहकारी नियमावली २०७५ को दफा ३० र अन्य नियम तथा निर्देशनहरु र अन्य प्रचलित कानुन बमोजिम संस्थाले धितोंमा रहेको सम्पति डाँक बढाबढ प्रकृया मार्फत लिलाम बिक्री गरी वा लिलाम बिक्री हुन नसकेमा संस्था आफैले सकार गरी संस्थाको असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ|

### तपशील

| क्र.स | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| १. | नाम: समीम अख्तर अंसारी<br>बुबा: नैमुदीन अंसारी<br>बाजे: ग्यासुदिन अंसारी<br>ठेगाना: वीरगंज-१२<br>ना.प्र.नं: १६०३१८८७८<br>जारी मिती: २०४४/१२/२६<br>कर्जा शीर्षक: व्यवसायिक कर्जा |  | समीम अख्तर अंसारी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं-१२ साविक बिरगंज वडा नं-१५ कित्ता नं.७७० को व.मि ९२.०३ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| २. | नाम: किसुन सिंह राजपुत<br>बुबा: झकड सिंह राजपुत<br>बाजे: शिवलाल सिंह<br>ठेगाना: वीरगंज-१५<br>ना.प्र.नं: ६४१२१०७३<br>जारी मिती: २०३६/०४/०७<br>कर्जा शीर्षक: व्यवसायिक कर्जा |  | किसुन सिंह राजपुत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१५ साविक नगवा वडा नं -५ को कित्ता न.४०२४ को क्षेत्रफल ०-०-१३-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ३. | नाम: रेहाना खातुन<br>पति: मंजुर आलम अंसारी<br>बुबा: नैमुदीन अंसारी<br>ठेगाना: वीरगंज-२३<br>ना.प्र.नं: ७०१२१४७९<br>जारी मिती: २०४४/११/१७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | रेहाना खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं-१५ साविक नौतन बि वडा नं ६ कित्ता नं.२८० को क्षेत्रफल ०-०-१५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ४. | नाम: गिता कुमारी चौधरी<br>बाबु/पति: राम प्रसाद महतो थारु<br>बाजे/ससुरो: प्रमेश्वर महतो थारु<br>ठेगाना : वीरगंज-१५<br>ना.प्र.नं :३४१०४९/१७६<br>जारी मिती:२०६५/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता कुमारी चौधरी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१५ साविक नौतन वडा नं ६ कित्ता नं.२२४६ को क्षेत्रफल ०-०-६-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ५. | नाम:रुनची देवी थरूनी<br>पति: ठग ओझैया थारु<br>ससुरो: पलट ओझैया थारु<br>बुबा :बिसुन दास थारु<br>ठेगाना: पर्सागढ़ी-७<br>ना.प्र.नं: २५/०४४९१५४६<br>जारी मिति:२०४५/०२/१०<br>कर्जा शीर्षक: व्यवसायिक कर्जा |  | रुनची देवी थरूनी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला बागेश्वरी तितरौना वडा नं ७ कित्ता नं.१८८ को व.मि.८६० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ६. | नाम: गिता देवी साह कानु<br>पति : जयकुमार साह कानु<br>ससुरो : बासी साह<br>बुबा : सोनालाल साह कानु<br>ठेगाना : बारा-१ ,बहुअरी<br>ना.प्र.नं : ४५०२<br>जारी मिती:२०६२/१२/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता देवी साह कानु को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज-१४ साविक बहुअरी बी वडा नं ८ कित्ता नं.७१२ को क्षेत्रफल ०-०-३-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ७. | नाम: सुशिला देवी कानु<br>पति: रामानन्द प्रसाद साह कानु<br>ससुरो: देवशरण साह कानु<br>बुबा: भवन साह<br>ठेगाना: कलैया न.पा-१५<br>ना.प्र.नं :३३३०८०/११५१<br>जारी मिती:२०६३/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | सुशिला देवी कानु को नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता कायम रहेको बारा जिल्ला धर्मनगर वडा नं ८,९ कित्ता नं.८१५,९९१ को क्षेत्रफल ०-५-०-०, ०-१-१-१४ र बलिरामपुर वडा नं-१ को कित्ता नं-१००४ क्षेत्रफल ०-२-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |
| ८. | नाम: रामचन्द्र राउत<br>बुबा: ब्रहमदेव राउत<br>बाजे: दरवारी राउत<br>ठेगाना: पर्सागढ़ी -७ (बागेश्वरी तितरौना)<br>ना.प्र.नं: ३६६४०५९१<br>जारी मिती: २०३३/१२/१२<br>कर्जा शीर्षक: व्यवसायिक कर्जा |  | रामचन्द्र राउत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला गा.बि.स बागेश्वरी तितरौना वडा नं-८ को कित्ता नं-७६ को व.मि.७१११.२६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत | |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ | अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ | उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन | उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ |

# रास्वपाद्वारा दुई उपसमिति गठन

**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी समायोजन तथा निर्वाचन केन्द्रित दुई वटा उपसमिति गठन गरेको छ ।

रास्वपाको आज बसेको केन्द्रीय समितिको बैठकले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि योग्य उम्मेदवार छनोट गर्नका लागि पार्टी उपसभापति डा स्वर्णिम वाग्लेको संयोजकत्वमा उम्मेदवार सिफारिस उपसमिति गठन गर्ने निर्णय गरेको हो ।

पार्टीका प्रवक्ता मनिष झाले उपसमितिलाई योग्य उम्मेदवार छनोट र उक्त प्रक्रियाको सिफारिस गर्ने जिम्मेवारी दिइएको बताउनुभयो । उपसमितिका सदस्यहरू पार्टी सचिवालयले मनोनयन गर्नेछ ।

यस्तै, पार्टी एकता तथा समायोजन प्रक्रियालाई सहजीकरण गर्दै निष्कर्षमा पु¥याउने उद्देश्यले पार्टी महामन्त्री कविन्द्र बुर्लाकोटीको संयोजकत्वमा पार्टी एकता समायोजन उपसमिति गठन गर्ने निर्णय गरिएको झाले जानकारी दिनुभयो ।रासस

# पूर्वप्रधानमन्त्री खनाललाई पुनः नागरिकता प्रमाणपत्र

**काठमाडौँ ।**
पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टीका वरिष्ठ नेता झलनाथ खनालले जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट आज नागरिकताको प्रमाणपत्र प्राप्त पुनः प्राप्त गर्नुभएको छ ।

गत भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा पूर्वप्रधानमन्त्री खनालको निवासमा आगजनीका कारण नागरिकतासँगै महत्वपूर्ण कागजात जलेर नष्ट भएका थिए । नष्ट भएको नागरिकता पुनः प्राप्त गर्न उहाँ आज जिल्ला प्रशासन कार्यालय पुग्नुभएको थियो ।

सो अवसरमा काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वर पौडेलको टोलीले पूर्वप्रधानमन्त्री खनाललाई नागरिकताको प्रमाणपत्र प्रदान गरेको हो ।रासस

# खानेपानी मन्त्रालयको कार्यभार कृषिमन्त्री डा परियारलाई

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले खानेपानी मन्त्रालयको कार्यभार कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारलाई तोक्नुभएको छ ।

प्रधानमन्त्री कार्कीले गत भदौ २७ गते गठित मौजुदा मन्त्रिपरिषद्मा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले सम्हाली आउनुभएको खानेपानी मन्त्रालयको कार्यभार मन्त्री डा परियारलाई तोक्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।रासस

# नेपाललाई 'डिजिटल हाइवे' मा अगाडि बढाउन काम गरिरहेका छौं: सञ्चारमन्त्री खरेल



**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपाललाई 'डिजिटल हाइवे' मा अगाडि बढाउने गरी काम गरिरहेको बताएका छन । आइसिटी अवार्ड–२०२५का विजेताहरुसँग आइतबार मन्त्रालयमा भएको छलफलमा मन्त्री खरेलले डिजिटल नेपालका लागि नीतिगत सुधारका काम भइरहेको उल्लेख गरे ।

सञ्चारमन्त्री खरेलले भने,"डिजिटल नेपालको रोडम्याप बनाएर मुलुकलाई अगाडि बढाउन खोजिरहेका छौँ, त्यसको भविष्य भनेको तपाँइ सूचना प्रविधिको क्षेत्रमा नवीनतम सिर्जना र योगदान गरिरहेका व्यक्ति तथा संस्थाहरु नै हो ।"

मन्त्री खरेलले सूचना प्रविधि क्षेत्रको विकासका लागि सम्बन्धित मन्त्रालयसम्म जोडिनका लागि पुलको भूमिका निर्बाह गर्न सम्पर्क मन्त्रालयको रुपमा सञ्चारमन्त्रालयले भूमिका खेल्ने विश्वास दिलाए ।

उनले सूचना प्रविधिको विकासका लागि बजेट प्रयाप्त नभएको, नीतिगत उल्झनका साथै भएका नीतिको समेत कार्यान्वयनमा सिथिलताका कारण यस क्षेत्रको यथोचित विकास र प्रगति हुन नसकेको उल्लेख गरे ।

उनले सरकार गठन भएको तीन महिनाभित्रै 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स ९एआई० नीति' पारित गरेको जानकारी गराउँदै डिजिटल नेपालको नीतिगत व्यवस्थाका लागि तयारी भइरहेको जानकारी दिए ।

अवार्ड विजेताहरुसँग मन्त्रालयले अन्तरक्रिया गरेर राज्यले यस क्षेत्रप्रतिको सम्मान गरेको उनले बताए । उनले भने,"निजी क्षेत्रबाट कुनै संस्थाको अग्रसरतामा तपाँइहरु सम्मानीत हुनुभएको छ, जहाँ सरकार जोडिएकै हुन्छ, त्यसैले यो सम्मान राज्यको सम्मान हो । तपाँइहरको सवाल डेढ घण्टासम्म सुनेर ग्रहण गरेका छौँ ।"

मन्त्री खरेलले सूचना प्रविधिको विकासका साथै डिजिटल नेपाल निर्माणका लागि यस क्षेत्रका विज्ञ सरोकारसँग नवप्रवर्तन, स्टार्टअप, उद्यमशीलता र सूचना प्रविधिको क्षेत्रमा सरकारसँग समन्वय र सहकार्य गरेर काम गर्नुपर्नेमा जोड दिए ।

मन्त्री खरेलले फागुन २१ गते हुने निर्वाचनमा सूचना प्रविधिको प्रयोग गरेर मतदानको व्यवस्था गर्न उचित भए पनि आमसहमति नबन्दा यसपटक त्यो सम्भव हुन नसकेको बताए। आगामी निर्वाचन सही नेतृत्व चयन गर्ने उपयुक्त अवसर भएकाले राम्रो नेतालाई सदनमा पठाउन उनको आग्रह थियो ।

आइसिटी फाउण्डेशनका अध्यक्ष राजन लम्सालले स्टार्टप र इन्नोभेसनलाई प्रवद्र्धन गर्ने र नेपालको डिजिटल इकोसिस्टमलाई बलियो बनाउने उद्देश्य अनुरुप हरेक वर्ष अवार्डको आयोजना भइरहेको र यसले अन्तर्राष्ट्रिय स्तरसम्म नेपालमा र नेपालीले विकास गरेका प्रविधि, टेक प्रडक्टको विस्तारमा सहयोग पुर्याउनुका साथै युवाहरुलाई प्रोत्साहन र हौसला प्रदान गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा उपस्थित विभिन्न विधाका आइसिटी अवार्ड विजेतनाले डिजिटल नेपालका लागि सूचना प्रविधि क्षेत्रको नीतिगत र संरचनागत सुधार गरिनुपर्नेमा जोड दिए । साथै उनीहरुले डिजिटल नेपालका लागि सरकार र निजी क्षेत्र एवं विज्ञ सरोकारवालाले गर्नसकिने पहलकदमीबारे सुझाव प्रस्तुत गरेका थिए । रासस



*सडक डिभाइडर बीचमा राखिएको झण्डाः धनुषाको महेन्द्रनगर राजमार्गस्थित औरही खोलाको पुलनिर सडक डिभाइडर बीचमा राखिएको नेपालको राष्ट्रिय झण्डा । तस्बिरः चन्द्रदेव साह÷रासस*

# निर्वाचनपछि बालेनलाई प्रधानमन्त्रीमा रोक्न नसकिने



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साका सभापति हरि पन्तले फागुन २१ को प्रतिनिधी सभाको निर्वाचनपछि मधेशी युवा बालेन्द्र साहलाई प्रधानमन्त्री बन्न कसैले रोक्न नसक्ने बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी वीरगंज महानगरपालिका १ को प्रथम ऐतिहासिक वडा भेलालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

सभापति पन्तले राष्ट्रिय स्वतन्त्र पार्टीले मधेशको छोरा बालेन साहलाई प्रधानमन्त्रीको रूपमा अगाडि सार्नु आम मधेशबासी र मधेशको लागि गर्वको कुरा रहेको बताए । उनले अब समग्र देश नै मधेशको छोरालाई प्रधानमन्त्री बनाउन लागिसकेकाले बालेनलाई कसैले पनि प्रधानमन्त्री बन्नबाट रोक्न नसक्ने समेत बताए ।

छपकैयामा सम्पन्न वडा भेलाले धुरुप साहको सभापतित्वमा एघार सदस्यिय समिति गठन समेत गरेको थियो । समितिको उपसभापतिमा मनोज कुमार, सचिवमा धीरज साह कलवार र सदस्यहरूमा धुरेन्द्र साह तेली, ललन पासवान, लालचन कुमार कानु, धर्मेन्द्र दास, असलम मिया, राधे शाह तेली, गिरिजा देवी ठाकुर, उमाराबती देबी छन् । त्यसैगरी सल्लाहकारमा बैजु साह, मिकाइल मिया, श्याम साह छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीको वीरगंज महानगरपालिकाका सभापति अमन आलमको सभापतित्वमा सम्पन भेलामा १ नम्बर वडाका सैयौँ वडाबासी राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका थिए । कृष्णा पासवानले सहजीकरण गरेका भेलालाई केन्द्रीय सदस्य डा नन्दन यादव, क्षेत्रीय सभापति राम आर्यलगायतले सम्वोधन गरेका थिए भने किसान साहले स्वागत मन्तब्य राखेका थिए । कार्यक्रममा महानगर उपसभापति परितोश द्विवेदी, सचिव गौतम श्रेष्ठ, जिल्ला सचिव सुदिष प्रजापति, कोषाध्यक्ष दिलीप कुर्मी, फैयाद मियालगायतका नेताको सहभागिता थियो ।

# न्यायालय बलियो भएमात्र नागरिक ढुक्क हुन्छन्ः प्रधान न्यायाधीश



**काठमाडौँ ।**
प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतले न्यायालय बलियो भएमात्र नागरिकलाई ढुक्क हुने अवस्था हुने बताएका छन् ।

सर्वोच्च अदालतमा आइतबार आयोजित प्रधान सम्पादक, सम्पादक तथा वरिष्ठ पत्रकारहरुसँगको छलफलमा प्रधान न्यायाधीश राउतले अदालतमाथि श्रृङ्खलावद्ध प्रहारले न्यायालय कमजोर हुने भएकाले न्यायालय बलियो भए मात्रै नागरिकलाई ढुक्क हुने अवस्था हुने बताए ।

‘श्रृंखलावद्ध प्रहारले अदालतलाई कमजोर बनाउने काम भएको छ, न्यायाधीश डरायो भने राज्यको चौथो अङ्ग पनि सुरक्षित हुँदैन,’ उनले भने, ‘प्रेस स्वतन्त्रता र सम्मानमा कहालीलाग्दो दिन आउन सक्छ, न्यायालय बलियो हुँदा नागरिकलाई ढुक्क हुने अवस्था हुन्छ ।’

न्यायापालिका, अदालत, न्यायाधीशमाथि लक्षित गरी सुनियोजित तरिकाले आपत्तिजनक टिप्पणी गरिएको उल्लेख गर्दै प्रधान न्यायाधीश राउतले भने, ‘न्यायाधीशका तस्वीर उल्टो बनाएर छापिएको छ, सुनियोजितरुपमा राखिएको छ ।’

न्यायालयको स्वस्थ आलोचना गर्न र टिप्पणी गर्न कुनै समस्या नभएको उल्लेख गर्दै उनले भने, ‘लोकतन्त्रमा, खुल्ला समाजमा, बहुलवादमा संविधानप्रदत्त अधिकारको भरपुर उपयोग गर्न पाइन्छ, त्यो हेक्का हामीलाई छ, तर स्वस्थकर आचोचना होस, अतिरञ्जना नहोस ।’

प्रधान न्यायाधीश राउतले अदालत भनेको अत्यन्तै संवेदनशील संस्था भएको उल्लेख गर्दै सत्य, तथ्य र प्रमाणका आधारमा मात्रै मुद्दालाई हेर्नुपर्ने बताए ।

‘अदालतबाट धेरै कुरा बुझाउन सकिएको छैन होला, त्यो अपेक्षा सञ्चारमाध्यमसँग छ,’ प्रधान न्यायाधीश राउतले भने, ‘अदालतमा विधि, प्रक्रिया हुन्छ, मुद्दामा तथ्य, प्रमाण, कानून हेर्नुपर्छ, त्यो कस्ले बुझ्छ ? त्यति गर्दा पनि गल्ती भएमा जिल्ला हुँदै, उच्च हुँदै चित्त नबुझेको अवस्थामा सर्वोच्च अदालतमा आउने सक्ने संवैधानिक व्यवस्था छ ।’

प्रधान न्यायाधीश राउतले अभिव्यक्ति स्वतन्त्रताको अधिकतम प्रयोग गर्ने व्यक्ति पत्रकार भएको उल्लेख गर्दै न्यायालयविरुद्ध घृणा फैलाउने काम भयो र त्यसको असर न्यायमा पर्यो भन्ने गम्भीर असर पर्ने बताए ।

‘हामी सच्चिनुपर्ने ठाउँमा सच्चिन्छौँ, तर नियतबस अदालत र न्यायाधीशको हुर्मत लिने छुट पनि कसैलाई हुँदैन, कहीँ हामी हाम्रै कमीकमजोरीका कारणले त समस्यामा परेका छैनौँ, निर्मम समीक्षा गरिरहेका छौँ ।’

देशको सम्वेदनशील घडीमा आशा, भरोसा, विश्वासको पुञ्ज मुलुकका सञ्चारमाध्यम नै भएको, न्यायालयको गरिमा बढाउनका लागि स्वस्थ आलोचना र सुझाव राख्न आग्रह गर्दै भने, ‘न्यायालयप्रति स्वस्थ्य आलोचना गर्नुस, तर वदनियत राखेर नगर्नुस, यो सबैलाई चाहिने संस्था हो, जुन दिन यो संस्था धरमराउन थाल्छ, तब धेरै असहज परिस्थितिको सिर्जना हुन सक्छ ।’

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले देश अस्थिर, जटिल र तरलतातर्फ गइरहेको अवस्थामा स्थिरता दिनुपर्ने जरुरी भएको उल्लेख गर्दै न्यायालय विश्वासिलो बनाउन जरुरी भएको बताइन् ।

न्यायालयमा भौतिकरुपमा क्षति भएपनि न्यायको दीप मर्न नदिने गरी काम गरिरहेको उल्लेख गर्दै उनले भनिन्, ‘न्यायापालिका अस्त्रविहीन निकाय हो, हामीमाथि अस्त्रको रूपमा कुनै माध्यमको प्रयोग भइरहेको छ, न्यायालय र प्रेस एकअर्काका परिपूरक भएकाले हामीलाई सुधार गर्नुपर्ने विषय उजागर गरिदिनुभएको छ, न्यायालय आभारी छ ।’

वरिष्ठतम् न्यायाधीश मल्लले मुलुक जटिल अवस्थामा गइरहको र त्यसका असर न्यायापालिकामा पनि देखिएकाले सल्लाह–सुझावका लागि कार्यक्रमको आयोजना गरिएको उल्लेख गर्दै उनले भावना बढी फैलाउने तर सत्यको खोजी नगर्नेजस्तो समस्या देखिएकाले लोकतन्त्रका दुई खम्बा न्यायालय र प्रेस मिलेर काम गर्नुपर्ने भनाइ राखिन् ।

छलफलमा विभिन्न सञ्चारमाध्यमका प्रधान सम्पादक, सम्पादक, वरिष्ठ पत्रकारहरुले न्यायालयको आदेश–फैसला सरल भाषामा सबैले बुझ्ने खालको हुँदा बुझ्न सहज हुने, घृणास्पद अभिव्यक्ति र अभिव्यक्ति स्वतन्त्रतालाई छुट्याएर हेर्नुपर्ने, आफ्नो हक–अधिकारको प्रयोग गर्दा अर्काको अधिकार हनन् नहुने तरिकाले अभिव्यक्ति दिनुपर्ने, सामाजिक सञ्जालमा आएका सूचनालाई समाचारको रुपमा हेर्न नहुने, स्वतन्त्र न्यायापालिको गरिमामा असर पर्ने गरी विषयवस्तु प्रस्तुत नभएकालगायत धारणा राखेका थिए । रासस

# रास्वपामा बालेनसहित ३३ केन्द्रीय सदस्य थप

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले काठमाडौँका मेयर बालेन्द्र साहसहितका नेताहरुलाई केन्द्रीय समितिमा थप गरेको छ ।

बालेनसँगै ऊर्जामन्त्री कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल, विवेकशील साझा पार्टीसहितको एकतापछि रास्वपाले केन्द्रीय समितिमा नयाँ अनुहार जोडेको हो ।

आइतबार दिउँसो र साँझ बसेको पार्टीको छुट्टाछुट्टै केन्द्रीय समिति बैठकले ३३ जना केन्द्रीय सदस्य थपेको हो । विवेकशील साझा पार्टी छाडेर रास्वपासँगको एकतामा समाहित भएका ७ जनालाई दिउँसो केन्द्रीय समितिमा मनोनीत गरिएको थियो । उनीहरूसहित साँझ सवा ७ बजे घण्टीघरमा पुनः बैठक बसेको थियो ।

बैठकमा थप २६ जनालाई केन्द्रीय समितिमा मनोनीत गरिएको प्रवक्ता मनिष झाले जानकारी दिए ।

**बालेन टिमबाट थपिएका केन्द्रीय सदस्यहरूः**
बालेन शाह, सुनिल लम्साल, भूपदेव शाह, सस्मित पोखरेल, सागर ढकाल, लक्ष्मण थारु, रमेश पौडेल, खगेन्द्र सुनार, गणेश पौडेल, सन्तोष गिरी, डा. नमिता यादव, सरिता ज्ञवाली, सुशान्त वैद्य, लक्ष्मी बर्देवा, शिव यादव, रोहन कार्की, अनन्तराज घिमिरे, रामकुमार ढुंगाना, प्रदीप ज्ञवाली, जेम्स कार्की, मधुसुदन ढकाल, ओजस्वी थापा, केपी खनाल, आदित्य आचार्य, प्रदीप पाण्डे, खेमराज साउद ।

**विवेकशील साझा छाडेका केन्द्रीय सदस्य**
समीक्षा बास्कोटा, प्रकाशचन्द्र परियार, सुरज प्रधान, नवराज थापा, आशुतोष प्रधान, धनेज थापा, रञ्जु दर्शना ।

# साक्षर मधेश प्रदेश घोषणाको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौंको आयोजनामा मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधामको समन्वय तथा सेभ द चिल्ड्रेनको सहजीकरणमा ‘साक्षर मधेश प्रदेश घोषणा तयारी सम्बन्धी एकदिने गोष्ठी‘ भएको छ ।

गोष्ठी कार्यक्रममा प्रमुख अतिथिका रूपमा नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्र महावीर पुन रहेका थियो भने विशिष्ट अतिथिका रूपमा मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री माननीय रानी शर्मा तिवारीको उपस्थिति थियो । साथै प्रदेश सभा सदस्यहरू, मन्त्रालयका सचिव तथा उपसचिवहरू, स्थानीय तहका नगर प्रमुख तथा उप–प्रमुखहरू, नीति आयोगका सदस्यहरू, उच्चस्तरीय विज्ञ कार्यदलका संयोजक तथा सदस्यहरू, विभिन्न कार्यालय प्रमुख, शिक्षा प्रमुखहरू तथा एनजीओ–आईएनजिओका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री माननीय रानी शर्मा तिवारीले मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्नु केवल सरकारी लक्ष्य मात्र नभई सम्पूर्ण समाजको साझा दायित्व भएको बताए । उनले भनिन्, ‘साक्षरता बिना सामाजिक रुपान्तरण सम्भव छैन् । मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्न प्रदेश सरकार पूर्ण प्रतिबद्ध छ र यसका लागि स्थानीय तह, संघीय सरकार तथा विकास साझेदारहरूसँग सहकार्यलाई अझ प्रभावकारी बनाइनेछ ।’ मन्त्री तिवारीले साक्षरता अभियानलाई अभियानकै रूपमा अघि बढाउनुपर्नेमा जोड दिँदै समुदायस्तरमा लक्षित कार्यक्रम सञ्चालन, निरक्षर पहिचान, नियमित अनुगमन तथा तथ्यांकको विश्वसनीयतामा विशेष ध्यान दिन आवश्यक रहेको उल्लेख गरिन् । उनले स्थानीय तह सक्रिय भएमा साक्षर मधेश प्रदेश घोषणा लक्ष्य छिट्टै हासिल गर्न सकिने विश्वास व्यक्त गरिन् । गोष्ठीमा मधेश प्रदेशको वर्तमान साक्षरता अवस्था, चुनौती, अवसर तथा साक्षर प्रदेश घोषणा गर्न आवश्यक मापदण्ड र कार्ययोजनाबारे विस्तृत छलफल गरिएको थियो । सहभागीहरूले बहुपक्षीय सहकार्य, स्रोत व्यवस्थापन र दिगो अनुगमन प्रणाली सुदृढ गर्नुपर्नेमा सुझाव दिएका थिए ।

गोष्ठीले मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने दिशामा साझा समझदारी निर्माण गर्दै आगामी रणनीति तथा योजना आदान–प्रदान गर्न महत्वपूर्ण आधार तयार गरेको आयोजकहरूले बताएका छन् ।

# सर्लाहीमा शीतलहरले जनजीवन प्रभावित

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीसहित मधेश प्रदेशका विभिन्न जिल्लामा पुनः शीतलहर शुरु भएपछि जनजीवन कष्टकर बनेको छ । बिहीबार र शुक्रबार दिउँसो केही समय घाम लागे पनि शनिबारदेखि फेरि शीतलहर र बाक्लो हुस्सु बढेपछि दैनिक जीवन प्रभावित भएको हो । शीतलहरका कारण विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा विपन्न वर्गका मानिस बढी प्रभावित भएका छन् । हुस्सु र कुहिरोका कारण मधेश प्रदेशमा यातायात सेवा र हवाई उडानसमेत प्रभावित बनेको छ ।

अत्यधिक चिसोका कारण अत्यावश्यक कामले यात्रा गर्नुपर्ने सर्वसाधारण, विद्यालय जानुपर्ने विद्यार्थी, कार्यालयमा सेवा लिन जाने सेवाग्राही तथा सेवा प्रवाह गर्ने कर्मचारीहरूलाई समेत कठिनाइ भइरहेको छ ।

यसैबीच हुस्सु र कुहिरोका कारण किसानले उब्जाएका विभिन्न बालीमा रोगको सङ्क्रमण बढेको जनाइएको छ । चिसो अत्यधिक बढेपछि चौपाया र पन्छी जोगाउनसमेत समस्या भइरहेको भन्दै किसानहरूले गुनासो गरेका छन् । सर्लाहीमा रातदिन शीतलहर जारी रहँदा सडक भिजेको देखिएको छ भने रुखविरुवाका पातहरू शीतले छपक्क भिजेका छन् । चिकित्सकहरूले यस्तो प्रतिकूल मौसममा अत्यावश्यक कामबाहेक घरभित्रै न्यानो भएर बस्न, बालबालिका र ज्येष्ठ नागरिकको विशेष ख्याल गर्न तथा ताता र झोलिला खानेकुरा प्रशस्त सेवन गर्न सुझाव दिएका छन् ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन